“कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार”

## आ.व. २०८२/८३

# नगर विकास योजना







कविता उप्रेती
नगर उप-प्रमुख




शशी कुमार खनिया
नगर प्रमुख

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल










**खैरहनी नगरपालिका**
खैरहनी, चितवन

## नगर प्रमुखको मन्तव्य

नयाँ आर्थिक वर्ष २०८२/८३ को अवसरमा सम्पूर्ण नगरवासी, राजनैतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मी, नागरिक समाज, बौद्धिक समुदाय, गैरसरकारी संस्थाहरू, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू र जननिर्वाचित प्रतिनिधिहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम र बजेटलाई समेटेर नगर विकास योजना प्रकाशन गर्न गइरहेकोमा मलाई अत्यन्त गर्व र हर्षको अनुभूति भएको छ ।

हाम्रो नगरपालिकाको मुख्य ध्येय आन्तरिक स्रोत, प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त अनुदानलाई अधिकतम उपयोग गरी नगरवासीका आवश्यकता र आकांक्षालाई सम्बोधन गर्नु हो। सीमित स्रोत-साधनका बावजुद सहभागितामूलक योजना प्रक्रियामार्फत गाउँ-वस्तीबाट माग भएका योजनाहरूलाई वडा स्तरमा छलफल र प्राथमिकीकरण गरी तयार गरिएको वार्षिक नगर विकास योजना २०८२/८३ सत्रौं नगरसभा बैठकबाट पारित भएको छ । नगरपालिकाका १३ वटा वडाहरूमा वडा समितिको निर्णयअनुसार सञ्चालन हुने योजनाहरूका लागि सूत्रमा आधारित समानुपातिक बजेट विनियोजन गरिएको छ । नगर गौरवका योजनाहरू, विषयगत शाखाहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरू र सरकारी तथा गैरसरकारी निकायहरूबीच प्रभावकारी समन्वय कायम गरी दोहोरोपन हटाउन आवश्यक व्यवस्था गरिएको छ ।

आर्थिक वर्ष २०८२/८३ को नगर विकास योजनाले भौतिक पूर्वाधार निर्माण, शिक्षाको गुणस्तर अभिवृद्धि, आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार, आर्थिक रूपले विपन्न वर्ग, श्रमिक, मजदुर तथा बेरोजगार जनशक्तिलाई रोजगारी प्रदान गर्ने र कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गरी उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ । थोरै लगानीमा छिटो र उच्च प्रतिफल दिने स्थानीय सम्भावनायुक्त योजनाहरूमा जोड दिइएको छ । सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन, तालिममार्फत सिकेका सीपलाई उद्यमसँग जोड्न बिउ पूँजी प्रदान गर्ने र दिगो विकास लक्ष्यहरू (SDGs) लाई प्रत्यक्ष टेवा

पुर्याउने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ । प्रत्येक योजनाले सन् २०३० सम्मका दिगो विकास लक्ष्यहरूको कुन पक्षमा योगदान पुर्याउँछ भन्ने सुनिश्चित गरिएको छ ।

भौतिक विकास सँगसँगै मानव विकासलाई प्राथमिकतामा राख्दै युगौंदेखि समाजमा विद्यमान उत्पीडन, गरिबी, संरचनात्मक हिंसा र विभेदलाई सबै मिली अन्त्य गर्न जरुरी छ र तबमात्र नागरिकलाई समृद्धि र समुन्नतिको आभास दिलाउन सकिन्छ र सन्तुलित विकासले सार्थकता प्राप्त गर्दछ । तसर्थ हरेक नागरिकमा अन्तरनिहित ज्ञान, सिप, क्षमता, कला र संस्कृतिको पहिचान र सम्मान गर्दै तिनलाई नगरको समग्र विकासमा सदुपयोग गर्न बान्छनीय भएकाले यसतर्फ पनि आ.व. २०८२/८३ को नगर विकास योजनाले मार्गनिर्देश गरेको छ र यसको सहि कार्यान्वयन र सदुपयोगको लागि आम नागरिकको साथ, सहयोग र सहभागिताको अपेक्षा गरेको छु ।

हाम्रो आदर्श वाक्य "कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार" लाई आत्मसात गर्दै विकास नतिजाप्रति उत्तरदायी संस्कृतिको विकासमार्फत समृद्ध, समुन्नत र वातावरणमैत्री नगर निर्माण गर्न यो योजनाले विशेष जोड दिएको छ । कृषि, पर्यटन र औद्योगिक विकासमार्फत उत्पादन वृद्धि, पूर्वाधार निर्माण, सामाजिक विकास, सुरक्षा, संरक्षण र संस्थागत क्षमता अभिवृद्धिमा केन्द्रित योजनाहरू तय गरिएका छन् ।

नगरसभाबाट पारित नीति, कार्यक्रम र योजनाहरूलाई पारदर्शी र खुला स्थानीय सरकारको मर्मअनुसार सरोकारवालाहरूसमक्ष सार्वजनिक गर्न यो नगर विकास योजना प्रकाशित गरिएको छ । विकास निर्माण, सुशासन, अनियमितता नियन्त्रण र सेवा प्रवाह सुधारका हाम्रा प्रयासहरूलाई यहाँहरूले विभिन्न माध्यमबाट प्रदान गर्नुभएको सकारात्मक प्रतिक्रियाले हामिलाई थप जिम्मेवार र लगनशील बनाएको छ ।

यो योजनाको तर्जुमा र कार्यान्वयनमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका र नगरसभाका सम्पूर्ण सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न संघ-संस्थाहरू र सम्पूर्ण नगरवासीबाट प्राप्त सहयोग र सुझावप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो नगर विकास योजनाले आगामी वर्षको विकास निर्माणलाई मार्गदर्शन गर्नुका साथै संविधानले परिकल्पना गरेको समृद्ध र दिगो विकासको साझा गन्तव्य हासिल गर्न बलियो आधार प्रदान गर्नेछ भन्ने मेरो विश्वास छ ।

धन्यवाद ।



**शशी कुमार खनिया**
**नगर प्रमुख**
**खैरहनी नगरपालिका**

खैरहनी नगरपालिका
खैरहनी, चितवन

## उप-प्रमुखको कलमबाट

नयाँ आर्थिक वर्ष २०८२/८३ को अवसरमा सम्पूर्ण नगरवासी, राजनैतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मी, नागरिक समाज, बौद्धिक समुदाय, गैरसरकारी संस्थाहरू र जननिर्वाचित प्रतिनिधिहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम र बजेटलाई समेटेर नगर विकास योजना प्रकाशन गर्न गइरहेकोमा मलाई अत्यन्त हर्ष र गर्वको अनुभूति भएको छ । यो योजनाले नगरपालिकाले अवलम्बन गरेका नीति, कार्यक्रम र विकासका कार्यहरूबारे सम्पूर्ण सरोकारवालाहरूलाई सुसूचित गराउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु ।

हाम्रो साझा नारा "सुखी नगरवासी, सवल र समृद्ध खैरहनी" लाई साकार पार्न सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासमार्फत नगरपालिकाको समग्र समृद्धिलाई अगाडि बढाउन यो आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटले ठोस आधार प्रदान गर्नेछ भन्ने हाम्रो दृढ विश्वास छ । यो बजेट आर्थिक क्षेत्रमा देखिएका चुनौतीहरूको सामना गर्न र उपलब्ध अवसरहरूको अधिकतम उपयोग गर्न केन्द्रित छ । सीमित स्रोत-साधनलाई प्रभावकारी ढंगले उपयोग गर्दै नगरवासीका आवश्यकता र मागलाई सम्बोधन गर्न, साथै आर्थिक पुनरुत्थान र विकासको गतिलाई तीव्रता दिन बजेट तथा कार्यक्रमहरू तर्जुमा गरिएका छन् । भौतिक विकास सँगसँगै कृषिको आधुनिकीकरण र व्यवसायिकरण, कला संस्कृतिमार्फत पर्यापर्यटन, गुणस्तरीय र व्यवसायिक शिक्षामार्फत उद्यमशील संस्कृति र दिगो शान्ति, मेलमिलाप तथा समभावयुक्त खैरहनी नगर बनाउने नै हामि सबैको लक्ष्य हो र हुनुपर्दछ ।

समृद्धि र समुन्नति कुनै अमुर्त लक्ष्य मात्र नभई, जनताको सक्रिय सहभागितामा हुने राष्ट्र निर्माणको एउटा निरन्तर र गतिशिल प्रकृया हो, अभियान हो । समृद्धि र समुन्नति कुनै एक अमुक व्यक्तिको प्रयास वा चमत्कारले होइन, यो सबै नागरिकको सामुहिक प्रयत्न, सशक्तिकरण र सहभागिताले डोर्याउने उज्यालो भविष्यतर्फको सुनौलो यात्रा हो र यो सुनौलो यात्रामा समाहित हुन म सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

योजना निर्माण पहिलो पाइला हो भने त्यसको गुणस्तरीय, पारदर्शी र समयबद्ध कार्यान्वयन अर्को महत्त्वपूर्ण जिम्मेवारी हो । यो जिम्मेवारी पूरा गर्न सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, विभिन्न संघ-संस्था, नागरिक समाज, स्थानीय राजनैतिक दल र बौद्धिक समुदायको सकारात्मक साथ, सुझाव र सहयोग अपरिहार्य छ। नगर विकास योजनाको तर्जुमा र कार्यान्वयनमा यहाँहरूको सक्रिय सहभागिता र सहकार्यले हामीलाई थप प्रेरणा प्रदान गरेको छ।

अन्त्यमा, यो योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न यहाँहरू सबैको निरन्तर साथ, सहयोग र सद्भाव रहने कुरामा हामी पूर्ण विश्वस्त छौं। नगर विकास योजना तर्जुमादेखि यो रुपसम्म ल्याउनको लागि योगदान गर्नुहुने नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारी साथीहरु, विभिन्न संघ संस्था, नागरिक समाज, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, गैरसरकारी संस्थाहरु, बौद्धिक समुदाय तथा सम्पूर्ण नगरवासीहरुमा धन्यवाद टक्राउँदै नगरपालिकाले पारित गरेका योजना कार्यान्वयनमा यहाँहरुको सदैव साथ सहयोग र सद्भाव रहनेमा हामी विश्वस्त छौं।



**कविता उप्रेती**

**उप-प्रमुख**

**खैरहनी नगरपालिका**
खैरहनी, चितवन

# प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता

खैरहनी नगरपालिकाको सत्रौं नगरसभाले पारित गरेको आर्थिक वर्ष २०८२/८३ को नगर विकास योजनाले नगरवासीका आवश्यकता र आकांक्षालाई सम्बोधन गर्न विगतका सफल कार्यक्रमहरूलाई निरन्तरता दिँदै मौलिक, नवीन र नागरिकका मागमा आधारित थप कार्यक्रमहरूलाई समावेश गरेको छ । यो योजनाले नगरको समग्र विकासलाई गति प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु ।

यो आर्थिक वर्षको नगर विकास योजनाले स्थानीय पूर्वाधार निर्माणलाई गुणस्तरीय, वातावरणमैत्री, अपाङ्गमैत्री र दिगो बनाउन उच्च प्राथमिकता दिएको छ । निर्माण सम्पन्न भएका पूर्वाधार आयोजनाहरूको दीर्घकालीन व्यवस्थापन सुनिश्चित गर्न विशेष जोड दिइएको छ । कृषि उपजमा रासायनिक विषादीको प्रयोग न्यूनीकरण गरी जैविक र प्राङ्गारिक नगर स्थापना गर्ने दीर्घकालीन लक्ष्यलाई आत्मसात गर्दै वृक्षारोपण, बाल उद्यान निर्माण, स्वच्छ खानेपानीको व्यवस्था, र वातावरण संरक्षणका कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ ।

नगरवासीको स्वच्छ वातावरणमा बाँच्ने हक र स्वास्थ्यसम्बन्धी अधिकारको सुनिश्चितता, विद्यालय शिक्षालाई थप गुणस्तरीय बनाउने, र आधुनिक प्रविधिको अधिकतम उपयोगमार्फत चुस्त, छरितो र पारदर्शी सेवा प्रवाह सुनिश्चित गर्ने कार्यक्रमहरू समावेश गरिएका छन् । सुशासनको अनुभूति दिलाउन भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीतिलाई अंगीकार गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, नतिजामुखी र सेवाग्राहीमैत्री बनाउन निरन्तर प्रयास गरिनेछ ।

संस्थागत क्षमता विकास, वित्तीय अनुशासन, समावेशी तथा सहभागितामुलक प्रशासनयन्त्र, डिजिटल सुशासन (ई-गभर्नेन्स), सेवामुखि शासनयन्त्रको संस्कृतिमा आधारित सुसंगत शासनप्रणालीलाई प्राथमिकता र केन्द्रबिन्दुमा राखी विकास र

सेवामार्फत नागरिकलाई खुशी बनाउनु नै हामि सबैको प्रमुख ध्येय हो । यसका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा आम नागरिकमा सकारात्मक सोच, सेवाभाव, अपनत्व, समाजप्रतिको जिम्मेवारीता र उत्तरदायित्वको भावना जागृत हुन जरुरी छ । यसको लागि आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र योजनामार्फत खैरहनी नगरपालिकाले मार्गनिर्देश, नेतृत्व र पहलकदमी लिएकोले यसमा सबैको साथ सहयोग र सहभागिताको अपेक्षा र विश्वास लिएको छु । स्थानीय सरकार जनताको घरदैलोको सरकार भएका कारण यो सरकारको प्रभावकारिता र विश्वसनियतालाई अझ मजबुत बनाउन जनप्रतिनिधि सँगसँगै कर्मचारी प्रशासन र आमजनताको पनि महत्वपूर्ण भुमिका रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ को नगर विकास योजनाले सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वन, वातावरण र सुशासनजस्ता विषयगत क्षेत्रहरूलाई समेटेको छ । यी सबै कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि आदरणीय नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका र नगरसभाका सदस्यहरू, राजनैतिक दलहरू, विभिन्न संघ-संस्थाहरू, नागरिक समाज, विषयगत कार्यालयहरू र कार्यरत कर्मचारीहरूबाट प्राप्त सकारात्मक सुझाव, सहयोग, समन्वय र सहकार्यको अपेक्षा गरेको छु ।

अन्त्यमा, यो नीति, कार्यक्रम र बजेट निर्माणदेखि कार्यान्वयनको चरणसम्म अमूल्य सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू, कार्यपालिका र नगरसभाका सदस्यहरू, वडा अध्यक्षहरू, कर्मचारीहरू र सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । खैरहनी नगरपालिकाबाट प्रदान गरिने सेवालाई थप चुस्त, गुणस्तरीय, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउँदै सुशासनको प्रत्याभूति दिलाउने र आर्थिक वर्ष २०८२/८३ को नगर विकास योजनामा समेटिएका सम्पूर्ण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर र सार्थक प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद !



विष्णु प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
खैरहनी नगरपालिका

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
| --- | --- | --- |
| १. | परिचय | १ |
| २. | आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम | ३ |
| ३. | आर्थिक वर्ष २०८२/८३ को राजश्व र व्ययको अनुमान (बजेट) | २९ |
| ४. | आर्थिक ऐन, २०८२ | ५१ |
| ५. | विनियोजन ऐन, २०८२ | ९९ |
| ६. | सत्रौं अधिवेशनबाट भएका निर्णयहरु | १४३ |
| ७. | गैर सरकारी संस्थाको वजेट तथा कार्यक्रम | १४७ |
| ८. | उपभोक्ता समिति मार्फत निर्माण कार्यसँग सम्बन्धित नगर तथा वडा स्तरीय आयोजनाहरुको कार्यान्वयनका चरणहरु | १४९ |
| ९. | कार्यक्रम तथा खरिद आयोजनाहरुको कार्यान्वयनका चरणहरु | १५० |
| १०. | नगरपालिकाका जन निर्वाचित पदाधिकारीहरुको सम्पर्क विवरण | १५४ |
| ११. | खैरहनी नगरपालिकामा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण | १५६ |

# परिचय

बागमती प्रदेश अन्तर्गत पर्ने खैरहनी नगरपालिका चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट करिब २२ कि.मी. पूर्वमा अवस्थित छ। नेपाल सरकारको मिति २०७१/०१/२५ को निर्णयानुसार गठन भएको चितवन जिल्लाको चैनपुर, खैरहनी र कुमरोज गरी तीन वटा गाउँ विकास समिति समावेश भई यस नगरपालिका गठन भएको हो। नेपाल सरकारको मिति २०७२/०६/०१ को निर्णय अनुसार कठार गाउँ विकास समिति समेत यस नगरपालिकामा समावेश भए पछि साविकका चार गाँउ विकास समितिहरुको संयुक्त रुप नै खैरहनी नगरपालिका हो। शुरुमा सानो ग्रामीण बजारको अवधारणाबाट अगाडी आएको यो पूर्व पश्चिम राजमार्गको निर्माण पश्चात द्रुत गतिमा शहरीकरण भै रहेको छ। यस नगरको प्रमुख बजारको रुपमा पर्सा बजारलाई लिन सकिन्छ। यो बजार खास गरी चैनपुर, भण्डारा, कठार, कुमरोज, विरेन्द्रनगर, पिठुवा तथा अन्य नजिकका बस्तीहरुको प्रमुख व्यापारिक केन्द्र पनि हो। खैरहनी नगरपालिका नामाकरण कसरी भयो भन्ने सम्बन्धमा विविध किम्बदन्तीहरु पाइन्छ। प्राचिन कालमा सो क्षेत्रमा प्रशस्त खयर घारीले भरिएकाले तत्काल खयरघारीको नामले परिचित रहेको खयरघारी शब्द अपभ्रंस भई खैरहनी भएको भन्ने भनाई रहेको छ। सोही नामबाट खैरहनी गाउँ विकास समितिको नामाकरण भई सो खैरहनी गाउँ विकास समिति समेत गरी नगरपालिका गठन भएकोले यस नगरपालिकाको नाम खैरहनी नगरपालिका नामाकरण भएको हो।

## १.२ भौगोलिक अवस्थिति, सिमाना एवम् प्रशासनिक विभाजन :

समुद्री सतह देखि करिब १९० मी. उचाईमा रहेको यस नगरपालिकालाई पूर्व पश्चिम राजमार्गले उत्तर र दक्षिण दुई भागमा बरावरी बाँडेको छ। यस नगरपालिकाको उत्तरमा कालिका नगरपालिका, पूर्वमा राप्ती नगरपालिका र पश्चिममा रत्ननगर नगरपालिका छ भने दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित छ। दक्षिण तर्फ प्राकृतिक सिमानाको रुपमा राप्ती नदीले खैरहनीलाई छुट्याएको छ।

नियमित रुपमा राप्ती नदी र यसका शाखा नदीहरुले बगाएर ल्याएको कृषि योग्य मलिलो माटोको कारण यो क्षेत्र कृषिको लागि निकै उपयुक्त छ। राजनैतिक आधारमा यस नगरलाई १३ वटा वडाहरुमा विभाजन गरी स्थानीय जनताहरुलाई प्रशासनिक सेवा सुविधा पुर्याउँदै आएको यस नगरपालिकाले ८५.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। निर्वाचन क्षेत्रको हिसावले प्रतिनीधि सभाको लागि चितवन जिल्लामा तिन वटा निर्वाचन क्षेत्र कायम गरीएकोमा खैरहनी नगरपालिका १ नम्बर निर्वाचन क्षेत्रमा पर्दछ। त्यस्तै गरी प्रतिनिधि सभाको क्षेत्र नं. १ मा प्रदेश सभाको लागि कायम भएका २ निर्वाचन क्षेत्र मध्ये यो नगरपालिका दुबै निर्वाचन क्षेत्रमा परेको छ। जस अुनसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(क) अन्तर्गत वडा नं. ३, ६, ७, ८, ९, १० र

११ गरी ७ वटा वडा पर्दछन् भने १(ख) अन्तर्गत वडा नं. १, २, ४, ५, १२ र १३ गरी ६ वटा वडा पर्दछन्। वि.सं. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ६७३८५ रहेको छ। जसमा ३५०५३ महिला र ३२३३२ जना पुरुष रहेका छन्।

| क्र.सं. | साविक गाविसका वडाहरु | साविक न.पा.का वडाहरु | हाल कायम भएका वडाहरु | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|---|---|---|
| १ | चैनपुर १ र २ | १ | १ | **६६५५** | ४.०१ |
| २ | चैनपुर ३ र ७ | २ | २ | **६१२८** | ८.५८ |
| ३ | चैनपुर ४, ५ र ६ | ३ | ३ | **४५२०** | ९.८७ |
| ४ | चैनपुर ८ र ९ | ४ | ४ | **४३८८** | ७.१२ |
| ५ | खैरहनी ८ र ९ | ५ | ५ | **३०१७** | ४.४८ |
| ६ | खैरहनी ६ र ७ | ६ | ६ | **५९४३** | २.१७ |
| ७ | खैरहनी ३ र ५ | ७ | ७ | **३४८१** | ४.०८ |
| ८ | खैरहनी ४ | ८ | ८ | **७४४६** | १.१९ |
| ९ | खैरहनी १ र २ | ९ | ९ | ५८०२ | ५.८५ |
| १० | कठार १,२,३,४,५,६ र ७ | १४ र १५ | १० | **७४६४** | १०.६२ |
| ११ | कठार ८ र ९ | १६ | ११ | ३३९१ | ६.३६ |
| १२ | कुमरोज ५,६,७,८ र ९ | १० र ११ | १२ | ४२३० | १०.१६ |
| १३ | कुमरोज १,२,३ र ४ | १२ र १३ | १३ | ४९२० | ११.०८ |
| जम्मा | | | | **६७३८५** | १०० |

**खैरहनी नगरपालिकाको नक्सा:**



खैरहनी नगरपालिकाको १७ औं नगरसभा २०८२ असार १० गते नगर प्रमुख **श्री शशी कुमार खनियाज्यू**ले पेश गर्नु भएको

# आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

**खैरहनी नगरपालिका**
**चितवन जिल्ला**
**बागमती प्रदेश**
**२०८२**

# १

# वार्षिक नीति तथा कार्यक्रम

*"कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार"*

**खैरहनी नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा प्रस्तुत**
**आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम**

**खैरहनी नगरपालिकाका उप-प्रमुखज्यू,**
**वडा अध्यक्षज्यूहरु,**
**कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु,**
**नगरसभाका सचिव, नगर शिक्षा अधिकारी, कर्मचारी साथीहरु, सञ्चारकर्मी मित्रहरुलाई खैरहनी नगरपालिका नगरसभाको १७ औं अधिवेशनमा मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु ।**

१. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र स्वतन्त्र जन जीविकाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यस्ता आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको पुन: स्मरण गर्न चाहन्छु ।

२. नगरपालिका स्थापनाकालदेखिनै यहाँका राजनैतिक दल, समाजसेवी, पूर्व जनप्रतिनिधि तथा नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरुले नेतृत्व गरेको विगतको अथक प्रयासबाट हासिल भएको उपलब्धिहरुको जगमा टेकेर आगामी दिनमा विगतका हाम्रा भोगाई र सिकाईका साथै विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरुको आधारमा विकासको यात्रालाई तीब्रताका साथ अगाडि बढाउने प्रण गर्दछु ।

३. विगत वर्षहरुमा गरिएको संस्थागत स्व:मुल्याङ्कन र वित्तीय अनुशासन तथा जोखिम मूल्याङ्कनमा हाम्रो नगरपालिकाले देशभरमै उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएको छ । यो गरिमामय उपलब्धीको

लागि खैरहनी नगरपालिकाको कार्यसम्पादनमा सुझाव, सल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी, यस क्षेत्रका सङ्घीय तथा प्रदेशका माननीय सांसद, जिल्ला समन्वय समितिका प्रमुख, राजनीतिक दल, सामाजिक संघ, संस्था, उप प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु साथै पत्रकार मित्रहरु प्रति धन्यवाद सहित आभार प्रकट गर्दछु । साथै आगामी दिनमा समेत  निरन्तर सल्लाह, सुझाब र सहयोगको अपेक्षा गरेको छु ।

४. नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संङ्घीय सरकारले अंगिकार गरेको सोह्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको आर्थिक वर्ष २०८२।८३ को बजेट, नीति तथा कार्यक्रम, बागमती प्रदेशको दोस्रो आवधिक योजना तथा आर्थिक वर्ष २०८२।८३ को बजेट, नीति तथा कार्यक्रम, खैरहनी नगरपालिकाको पहिलो आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, संङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण २०८१/८२, माननीय सांसदज्यूहरु, विभिन्न राजनैतिक दल  तथ सरोकारबालाहरुबाट प्राप्त राय सुझावहरु, विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझाबहरु, लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरुको आधारमा खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८२।८३ मा अबलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु तय गरिएको छ । खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम मुख्यतया देहायका सात विषयमा केन्द्रीत रहने छ ।

क) उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको विवेकशील परिचालन गरी गुणस्तरीय, वातावरण संरक्षण केन्द्रित, दिगो र तिव्र पूर्वाधार विकास गर्ने ।

ख) सवल स्थानीय सरकार समुन्नत नगरपालिका, सुखी नगरवासी,  सवल र सम्वृद्ध खैरहनी भन्ने नारालाई आत्मसात गर्दै सामाजिक आर्थिक विकास र जलवायु परिवर्तन अनुकुलन पद्दतीको अबलम्बन मार्फत स्थानीय अर्थव्यवस्थालाई उत्थानशील, समुन्नत र स्वाधीन बनाउने । चक्रिय र हरित अर्थतन्त्रमा आधारित जीवन पद्धतिलाई प्रोत्साहन गर्ने ।

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी,सरसफाई तथा सहज सडक सुविधाको सुनिश्चितता गर्दै कृषि, पशुपालन, पर्यटन र उद्यमशिलता विकास मार्फत नगरपालिकाको समग्र उत्पादन, उत्पादकत्व र प्रतिष्पर्धात्मक क्षमता विकास गर्ने ।

घ) विपन्न परिवारका सदस्य, महिला, आदिवासी, जनजाती र अपाङ्गता भएका नागरिकलाई रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्न योगदान गर्ने सीप विकास र बिउ पुजी केन्द्रित मिसन रोजगार कार्यक्रम सञ्चालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने ।

ङ) संरचनागत सुधार र बहुक्षेत्र सहकार्यमा विपदजन्य जोखिम न्युनिकरण गर्दै नागरिक संलग्नतामा विपद प्रतिकार्यलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउने ।

च) कृतिम वौद्धिकता, क्लाउड कम्प्युटिङ, ब्लकचेन प्रविधि (Blockchain Technology) र रोबोटिक्स जस्ता आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय गराउने। पारदर्शिता र जवाफदेहिताका औजारहरुको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गर्ने ।

छ) नगरबासी युवाहरुलाई उनिहरुको रुची र खुबिका आधारमा व्यवसायिक खेलकुद विकासमा जोड दिने तथा डिजिटल मार्केटिङ समेतका तालिम सञ्चालन गर्दै अप वोर्क, फाइभर,फ्रिलान्सर जस्ता अनलाईन प्लेटफर्ममा आफ्नो सीप उपयोग गरी घरमै बसेर वैदेशिक मुद्रा आर्जन गर्न वा स्टार्ट अप सुरुवात गर्न प्रोत्साहन गर्ने गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक, सामाजिक र पूर्वाधार विकास, वन वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र, सुशासन तथा संस्थागत विकास, सामाजिक न्याय, सशक्तिकरण लगायत नगरपालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाले अबलम्बन गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १. आर्थिक विकास :-

### क) कृषि विकास :

१. “**कृषि उत्पादनको मूल आधार, सिंचाई प्रणालीमा सुधार**” भन्ने अवधारणालाई मध्यनजर गरी नगरपालिकाको सिंचाईबाट वञ्चित खेती योग्य भूमीमा बार्हैमास सिंचाई सुविधा पुर्याई कृषी उपजको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिने **“किसान तपाईंलाई के चाहिन्छ ? ”** कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२. “**खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा**” भन्ने नारा सम्बोधन गर्न कृषकको घर -दैलोमा प्राविधिक सेवा, सामाजिक सञ्जालमा प्राविधिक प्याम्प्लेट, बाली रोग र कीरासँग सम्बन्धित भिडियो सामग्री उत्पादन तथा प्रसारण गर्दै **“किसान तपाईंलाई के चाहिन्छ ? ”** कार्यक्रम लाई यस वर्ष पनि थप परिष्कृत र नतिजामुलक बनाईनेछ ।

३. “**एक वडा एक कृषि सहकारी**” कार्यक्रममा सहकारी संस्थाको प्रतिस्पर्धाबाट नवप्रवर्तन योजना छनौट, श्रोत केन्द्रको रूपमा प्रवर्द्धन, यान्त्रीकरण र बजार विस्तारमा सहकार्य गरिनेछ ।

४. "**कृषि उत्पादनमा वृद्धि, खैरहनी नगरको समृद्धि**" को मुल मर्मलाई साकार पार्न कृषिको आधुनिकीकरण तथा यान्त्रीकिकरण मार्फत तरकारी, खाद्यान्न, फलफूल, च्याउ र मह जस्ता कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर नगरपालिका निर्माण गरिने छ ।

५. कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न एकीकृत कृषि उपज, माछा, मासु

बजार निर्माण गरि "**बारी देखि बजारसम्म, उत्पादक देखि उपभोक्तासम्म**" अभियान सञ्चालन गरिनेछ, साथै निर्माण भएका कृषि उपज संकलन केन्द्र र कृषि बजार संचालन गरिनेछ ।

६. कृषि क्षेत्रमा युवाहरूलाई आकर्षित गरि कृषि कर्मलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कृषक, कृषक समूह, समिति र सहकारीको सहकार्यमा मेयरसँग कृषि कार्यक्रम  लाई थप परिमार्जन सहित संचालन गरिनेछ ।

७. "**उत्पादन साथमा, अनुदान हातमा**" भन्ने नारालाई चरितार्थ गर्न तुलनात्मक लाभ र उच्च मूल्य प्राप्त हुने, विदेशबाट बढी आयात हुने बाली तथा वस्तुको उत्पादन वृद्धि गर्नका लागि प्याज र अन्य मसला बालीमा उत्पादनको आधारमा अनुदान दिने कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

८. विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रमलाई थप परिष्कृत गरि स्वच्छ र पोषणयुक्त खाद्यानमा पँहुच विस्तार गरी खाद्य सुरक्षाको सुनिश्चितता गरिने छ ।

९. खेतियोग्य जग्गा नहुने विपन्न तथा गरिब किसानलाई व्यवसायिक खेतीमा आकर्षित गरि कृषिमा दिगोपन ल्याउन जग्गा भाडामा अनुदान दिने कार्यक्रम थप बिस्तार गरिने छ।

१०. "**स्वस्थ उत्पादन, रसायन प्रतिस्थापनको लक्ष्य, आई.पि.एम. पद्धतिद्वारा कृषक स्वयं दक्ष**" भन्ने नारा अघि बढाउदै वातावरण, मानव स्वास्थ्यलाई कुनै हानी नोक्सानी नपुर्‍याउने खालका विभिन्न प्रविधिहरूलाई प्रयोग गरि बाली बिरूवालाई रोग कीराबाट बचाउने र विषादी, मलको समुचित प्रयोग गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने शिक्षा प्रदान गर्ने आई.पि.एम. कृषक पाठशाला कार्यक्रमलाई किसान मैत्री बनाउँदै अगाडि बढाइने छ । विषादीको न्यून र समुचित प्रयोग गरि उत्पादन गरिएको कृषि उपजको प्रवर्द्धन गर्न PGS मोडलमा आई.पी.एम.पसल गरिनेछ ।

११. "**विदेशमा सिकेको सीप र ज्ञान, स्वदेशी भूमिमा योगदान**" भन्ने मन्त्रलाई आत्मसाथ गर्दै वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि प्राविधिक क्षमता अभिवृद्धि गरी एक व्यवसायिक कृषकको रुपमा विकास गर्न सहयोग तथा सहजीकरण गर्ने कार्यक्रम थप परिमार्जन सहित अघि बढाइने छ ।

१२. अनुदानको रासायनिक मल, विषादी र बीउ बिक्रेताहरूलाई नियम र कानुनको परिधि भित्र मात्र कारोबार गर्न गराउन पाउने गरी व्यवस्थित गरिने छ ।

१३. "**स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात**" भन्ने नाराका साथ माटोको उर्वराशक्तिमा सधुार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न माटो परीक्षण गरि कृषि चुन वितरणलाई थप वस्तुनिष्ठ बनाईने छ ।

१४. "**मौरीपालन व्यवसायमा लगानी, स्थानीय महबाट मनग्य आम्दानी**" लाई आत्मसाथ गर्दै किसानद्वारा उत्पादित महको गुणस्तरको सुनिश्चितता सँग सँगै महको उचित मूल्यमा बिक्री वितरण गर्ने वातावरण सिर्जना गरिनेछ ।

१५. किसानद्वारा उत्पादित उपजको भण्डारण गर्न निर्माण गरिएको शीत भण्डार सञ्चालन गर्न थप पहल गरिनेछ ।

१६. "**प्राङ्गारिक मलको प्रयोग, स्थानीय श्रोत-साधनको सदुपयोग**" भन्ने मान्यताका साथ माटोको जैविक गुणमा ह्रास आउन नदिन विभिन्न सरकारी र गैर सरकारी निकायसंगको समन्वयमा कम्पोष्ट र

गड्यौले मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन दिदै दिगो कृषि उत्पादन प्रणाली प्रवर्धनको विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१७. रैथाने बाली तथा परम्परागत खेती प्रणालीमा आधारित कृषकको स्थानीय ज्ञान, सीप र अभ्यासहरूको संरक्षण, अभिलेखिकरण र प्रवर्दन गरिनेछ।

१८. बजार मागको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न, जनशक्ति विकासमा जोड दिनुका साथै कृषि उपज र वडा स्तरीय तालिम दिइनेछ।

१९. हानिकारक रासायनिक विषादीको अत्याधिक प्रयोगले मानव स्वास्थ्यमा पारेको प्रभावलाई मूल्यांकन गर्दै रासायनिक विषादीको विकल्प जैविक विषादी र जैविक सामाग्रीको बारेमा किसानहरूमा सचेतना जगाउदै कृषकहरूलाई सहुलियत दरमा जैविक सामग्री र विषादी वितरण गर्ने कार्यक्रमलाई थप परिष्कृत गरि संचालन गरिनेछ।

२०. कृषकहरुलाई जैविक खेतीमा आकर्षित गर्न अगुवा कृषकहरुको सहकार्यमा प्रांगारिक फर्म स्थापना गरी स्थानीय तथा राष्ट्रिय स्तरमा जैविक खेतीको नमुना फर्मको रुपमा विकास गरिनेछ।

२१. नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिने र बजारमा बीउ बिजनको मूल्यमा एकरूपता ल्याउन खाद्यान्न बालीको उन्नत बीउ उपभोगमा अनुदान कार्यक्रम थप व्यवस्थित गरी लागु गरिने छ।

२२. कृषि तथा वन विज्ञान विश्वविद्यालय र अन्य विश्वविद्यालयसँग समन्वय र सहकार्य गरि कृषि शिक्षा, प्रसार र अनुसन्धानका कार्यक्रम सञ्चालन गरिनेछ।

२३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि, कृषकको जीवनस्तर सुधार र अन्य कृषिका आयाममा रहेर कार्य गर्ने विभिन्न गैर सरकारी निकायसँग सहकार्य गरी कृषि कार्यक्रम संचालन गरिनेछ।

२४. यान्त्रीकीकरण कार्यक्रम कार्यन्वयनका लागी स्वदेशमा मेसिन उत्पादन गर्ने राष्ट्रिय आविष्कार केन्द्र र अन्य सरकारी निकायबाट उत्पादित कृषि उपकरणलाई प्राथमिकता दिइनेछ।

२५. साना तथा मझौला कृषक लक्षित साना मेसिन/उपकरण वितरण कार्यक्रम संचालन गरिनेछ।

२६. आलु पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ र नयाँ मकै पकेट कार्यक्रम संचालन गरिनेछ।

**ख. उद्योग तथा बाणिज्य :**

२७. उद्योगी व्यावसायीहरुको अवस्था, समस्या र सोको समाधानका लागि नगरमा उद्योग व्यवसाय क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ।

२८. उद्योग कलकारखाना तथा व्यवसायको अवस्थालाई समेत आधार बनाइ उद्योग व्यवसायको करलाई आवश्यकता र औचित्यता समेतका आधारमा कर छुट गर्ने व्यवस्था तथा दर्ता प्रक्रियामा नआएका व्यवसायीहरुलाई प्रक्रियामा ल्याउन निश्चित समायवधी भित्र दर्ता गर्ने व्यवसायीहरुलाई एकपटक निश्चित छुटको अवसर दिई व्यवसायलाई नगरपालिकामा दर्ता गर्न अभिप्रेरित गरिनेछ भने दर्ता नगर्नेहरुलाई नियमानुसार कारवाही समेत गरिनेछ।

२९. उद्योग बाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि उद्योग बाणिज्य संघ खैरहनी, चितवन उद्योग संघ इकाई खैरहनी र नेपाल चेम्वर अफ कमर्स खैरहनी सँगको सहकार्यलाई अगाडी बढाइनेछ ।

३०. बजार अनुगमन, गुणस्तरीयता परीक्षणको कार्यलाई सरोकारवाला सबैको सहभागितामा प्रभावकारी तथा नियमित रुपले अगाडी बढाइनेछ ।

३१. नगरपालिकामा दर्ता भएका उद्योग व्यवसायहरुको अभिलेख व्यवस्थित गर्न प्रयोगमा ल्याईएको व्यवसाय दर्ता व्यवस्थापन प्रणालीमा सुधार गरी थप व्यवस्थित बनाईनेछ । साथै व्यवसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा पनि व्यवस्थित गर्दै लगिनेछ ।

३२. मध्यवर्ति क्षेत्र र राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा सञ्चालन हुने उद्योग तथा व्यवसायको सहजरुपमा दर्ताका लागि चितवन राष्ट्रिय निकुञ्जसँग समन्वय गरी सहजीकरण गरिनेछ ।

३३. उद्योग तथा कल कारखानामा काम गर्ने मजदुर तथा रोजगारदाता बीचको द्वन्द व्यवस्थापन तथा रोजगारदाताहरुको हकहित संरक्षणको पक्षमा उद्योगी व्यवसायीहरुसँग आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।

३४. नगर क्षेत्रमा औद्योगिक विकासकालागी आवश्यक औद्योगिक पूर्वाधार निर्माण सम्बन्धमा कार्यविधि तयार गरि सम्भाब्यता अध्ययन कार्य अगाडि बढाइनेछ ।

३५. व्यवसायको तथ्यांक संकलन तथा दर्ता र नविकरण कार्यका लागि व्यवसाय घुम्ती शिविर र अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

**ग. पर्यटन तथा संस्कृति प्रवर्द्धन :**

३६. खैरहनी नगपालिका नगर वाङमय परिषदको गठन गरिने छ । नगरपालिकाको इतिहास, मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३७. खैरहनी नगरपालिकाको दक्षिणी क्षेत्रलाई सौराहाको पर्यटन व्यवसायसँग अन्तर आवद्दता कायम गरी सहलाभको सुनिश्चितता गर्न कार्यक्रमहरु ल्याइनेछ । नगरक्षेत्रभित्रका पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको पहिचान र विकास गरी प्रचारप्रसार गरिनेछ ।

३८. नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको मौलिकता, कला संस्कृति, पहिचान झल्कने श्रोत सामग्रीको प्रदर्शनी (Exhibition) गर्नुका साथै स्थापना भएका थारु, दराइ, मगर तथा अन्य जातजातिको संग्रालयको स्तरउन्नती गरी पर्यटकहरुलाई आकर्षित गरिनेछ । होमस्टे (घरबास) को विकास मार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ । होमस्टे सञ्चालकलाई स्थानीय कला, संस्कृति, भेषभूषा, मौलिकता, परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

३९. पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पर्यटन विकासको साथै पर्यटन व्यवसायीहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । दलित होमस्टे सञ्चालनको कार्यक्रमलाई थप परिमार्जित गरि अगाडि बढाईने छ ।

४०. वडा नं ६ र ८ को बीचमा रहेको बुढी राप्ती खोलामा मोटरबोट सञ्चालन गर्न आवश्यक संरचना निर्माण गरिने छ तथा तटबन्धन सम्बन्धी योजना कार्यान्वयन गर्दा वातावरण सरक्षंण र पर्यटन विकासको सम्भावनालाई समेत मध्यनजर गरि कार्यान्वयन गरिनेछ।

४१. कुमरोज सामुदायिक वन, अजिंगरे सामुदायिक वन, चिसापानी सामुदायिक वन तथा खै.न.पा १० स्थित चन्द्रमा पार्क र देवीस्थान मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्धन गरिनेछ। संघीय र प्रदेश सरकारको साझेदारीमा कंकालिकोट साथै कंकाली सामुदायिक वनमा मन्दिर निर्माण, बाटो निर्माण गरी पर्यटक आकर्षित गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

४२. नगरभित्रका कृषि पर्यटनको सम्भावना रहेको क्षेत्रहरुमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन क्षेत्रको विकास, पर्यटकीय क्षेत्रको तथ्यांक संकलन, व्यवस्थापन तथा नियमनको लागि पर्यटन प्रवर्द्धन शाखालाई थप ब्यवस्थित बनाई पर्यटन विकास समिति गठन गरि अन्य पालिकाहरुको पर्यटन विकासको अनुभव आदानप्रदानको व्यवस्था गरिनेछ।

**घ. सहकारी विकासः-**

४३. सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइ सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्दै सुशासन र वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न नियमीत अनुगमनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

४४. उत्पादन र रोजगारीलाई सहकारीसंग आवद्ध गराई बढी रोजगारी सृजना गर्ने सहकारीलाई प्रोत्साहन गरि सम्मान गरिनेछ।

४५. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरूलाई आबद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४६. सहकारीहरु प्रति आम जनताको विश्वास बढाउन क्षमता विकास सम्बन्धी कार्यहरु गरिनेछ भने प्रचलित सहकारी सम्बन्धी कानूनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाइ कानून अनुसार कारवाही गरिनेछ।

**ङ. जलश्रोत, खानेपानी तथा सिंचाई :**

४७. नगरभित्रका सबैघरधुरीमा स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच हुनेगरि खानेपानी आयोजनाहरु सञ्चालनमा आवश्यक सहयोग गरिनेछ। खानेपानी र सरसफाइ क्षेत्रमा दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

४८. स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच पुर्याउन एक आर्थिक वर्षभित्र कम्तिमा २ पटक खानेपानिको शुद्धता परीक्षण गरिनेछ।

४९. जलपर्यटनको सम्भाव्यता रहेका क्षेत्रमा जलस्रोतको उचित व्यवस्थापन हुने योजनालाई प्राथमिकता

दिइने छ । जलाशययुक्त खानेपानी आयोजना र भूमिगत जलस्रोतको पुनर्भरणलाई प्राथमिकतामा राखिने छ ।

५०. उपभोक्ताहरुको सह लगानीमा खानेपानी र सरसफाइका आयोजना एकीकृत रुपमा कार्यान्वयन गरिनेछ ।

५१. बढ्दो शहरीकरणसँगै अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका आधारमा ढल निर्माण कार्यक्रम संचालनमा ल्याइनेछ ।

५२. नगर अन्तर्गतका जलस्रोत उपभोक्ता समितिलाई नगर जलस्रोत समिति मार्फत दर्ता अनिवार्य गरिनेछ । सतह सिंचाइका योजनाहरुलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याईनेछ ।

५३. जलवायु परिवर्तन, जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव वस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ। विपदबाट क्षति पुगेका खानेपानी, सिँचाई तथा तटबन्धका संरचनाहरुको मर्मत तथा पुनर्निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

## च. पशुपन्छी विकास :

५४. सन् २०३० सम्म कुकुरको टोकाईबाट मानिसमा लाग्ने रेबिजलाई सुन्यमा झार्ने नीतिको अबलम्बन गर्दै **"निरन्तर बन्ध्याकरण तथा खोप तालिका, रेबिजमुक्त खैरहनी नगरपालिका"** भन्ने नाराका साथ सामुदायिक कुकुरको निशुल्क बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप लगाउने व्यवस्था मिलाईनेछ ।

**५५.** **"एक स्वास्थ्य रणनीति"** अबलम्बन गर्दै महामारी र जुनोटिक रोगहरुको निरन्तर निगरानी, रोकथाम तथा नियन्त्रण, वातावरणीय स्वास्थ्य प्रवर्धन, विषादीले मानव स्वास्थ्यमा पार्ने जोखिम न्युनिकरण सम्बन्धि विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ र एक स्वास्थ अवधारणालाई कार्यान्वयन गर्न सरोकारवाला निकायहरुसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

**५६.** **"श्रम र सीपको समायोजन, दुधको विविधिकरणबाट आयआर्जन"** भन्ने नारा साथ स्थानीय दुग्ध उत्पादक संस्थाहरुबाट उत्पादित दहि, मही लगायतका दुग्धजन्य पदार्थलाई स्थानीयस्तरमा नै खपत गर्ने साथै खैरहनी नगरपालिका अन्तर्गतका सरकारी कार्यालयहरुमा अतिथि सत्कार, विभिन्न कार्यक्रम तथा दैनिक खपत हुने अन्य पेय पदार्थको ठाउँमा स्थानीय दहि/महीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

**५७.** **"पशुपालनमा आधुनिक यन्त्रको प्रयोग, श्रम र समयको सहि सदुपयोग"** भन्ने नाराका साथ दुग्ध उत्पादक सहकारी संस्था मार्फत कृषकलाई विविध यान्त्रिकरणमा अनुदान दिईनेछ साथै दुग्ध उत्पादक सहकारी संस्थालाई विविध उपकरण तथा यान्त्रिकरणमा सहयोग गरिनेछ । पशुहरुमा बच्चा जन्मिए पश्चात माउ थला पर्ने अवस्थाको (Downer's Cow Syndrome) बढ्दो समस्यालाई सहजीकरण गर्नका लागि एक वडा एक काउ लिफ्टर कार्यक्रम अन्तर्गत सबै वडामा एक वटा दुग्ध उत्पादक सहकारी संस्था मार्फत काउ लिफ्टर अनुदान दिने व्यवस्था मिलाईनेछ र पशुपालक कृषकलाई काउ म्याट दिने व्यवस्था मिलाईनेछ ।

५८. प्रदेश सरकारसंग आवश्यक सहकार्य गरि दुग्ध उत्पादक किसानको श्रमको सम्मान गर्दै प्रति लिटर दुधमा अनुदान वितरण गरिनेछ।

५९. खैरहनी-६, सुर्तनीस्थित पशु सेवा शाखाको उपचार कक्षबाट नियमित औषधि वितरण,गोबर परीक्षण, थुनेलो परीक्षण, पशु रोग उपचार, शल्यक्रिया, रगत परीक्षण, USG सेवा आदिलाई थप सुदृढीकरण गर्दै लगिनेछ।

**६०. "जैविक सुरक्षा अपनाऔं, पशु फार्म सुरक्षित बनाऔं"** लाई आत्मसाथ गर्दै पशुपालक कृषकलाई असल अभ्यासमा जोड दिन र जैविक सुरक्षाका विधिहरु पालना गर्नका लागि प्रेरित गरिनेछ।

**६१. "एक पटक रोपौं, वर्षौंसम्म काटौं"** भन्ने मान्यताका साथ कृषकलाई वहुवर्षे तथा कोशे घाँस खेतीमा आकर्षित गर्न वहुवर्षे तथा कोशे घाँसको विऊ वितरणमा विशेष जोड दिईनेछ। सुक्खायाममा पनि उत्पादन र उत्पादकत्व बढाउन हे र साईलेज प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

६२. नगरपालिकाको घाँसको मागलाई नगरपालिकाभित्रबाटै परिपूर्ति गर्नका लागि विऊ बैंक स्थापना गर्न इच्छुक कृषकका लागि अनुदानको व्यवस्था गरिनेछ।

**६३. "पशुपन्छीको स्वास्थ्यमा निगरानी, बढाउँछ आम्दानी"** भन्ने नाराका साथ पशुको उत्पादन उत्पादकत्व बृद्दि गर्न, पशु स्वास्थ्यको सचेतना फैलाउन, दीर्घरोगी पशुको उपचार, प्राविधिक सेवा एकैथलोमा दिन तथा पशु प्रजनन विकृति सम्बन्धी उपचार, बाँझोपन निवारण तथा घुम्ति प्राविधिक सेवा कृषकको गोठ गोठमा पुर्याउनको लागि पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर र हर्ड हेल्थ कार्यक्रम संचालन गरिनेछ।

**६४. "शिक्षित किसान, उन्नत पशुपालन"** भन्ने नारालाई आत्मसाथ गर्दै कृषकको मागको आधारमा पशुपालन सम्बन्धी विभिन्न तालिमहरु संचालन गरिनेछ। साथै पशुपालन क्षेत्रमा दिईने अनुदानको लाभ वास्तविक कृषकले मात्र प्राप्त गर्ने व्यवस्था मिलाईनेछ।

**६५. "दुध उत्पादनको मुख्य आधार, कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार"** भन्ने नारा अघि बढाउदै कृत्रिम गर्भाधानकर्ताहरुलाई नियमित रुपमा उन्नत जातको पशुको सिमेन, नाईट्रोजन तथा अन्य उपकरणहरु वितरण गरिनेछ।

६६. पशुहरुमा भैपरी आउन सक्ने महामारी रोग जस्तै खोरेत, पिपिआर, स्वाइन फिभर र लम्पी स्किन रोग विरुद्धको खोप कृषकको घर दैलोमा गई लगाउने व्यवस्था गरिनेछ। साथै महामारी रोगको समयमै पहिचान गरि पिडितलाई राहत दिनका निम्ति महामारी कोषको स्थापना गरिनेछ।

**छ. राजश्व सम्बन्धी नीति :**

६७. महिलाका नाममा दर्ता हुने उद्योग तथा व्यवसायीक फर्मलाई दर्ता शुल्कमा १०० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ।

६८. नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई, बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न राजस्व सुधार कार्ययोजना बमोजिमका सुधारका कार्यहरु अगाडी बढाइनेछ।

६९. नगरबासीलाई आफ्नो करप्रतिको जिम्मेवारी र कर्तव्य बोध गराउन करदाता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ । यस्ता किसिमका कार्यक्रममा उद्योग बाणिज्य संघ खैरहनी चितवन, उद्योग संघ खैरहनी ईकाइ र नेपाल चेम्बर अफ कमर्स खैरहनीसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ ।

७०. सबै सामुदायिक वनलाई करको दायरामा ल्याईनेछ भने करको दायरामा नआउने सामूदायिक वनहरुलाई नियमानुसार कारवाही प्रक्रिया समेत अगाडि बढाईनेछ ।

७१. नागरिकले आँफूले तिर्नुपर्ने करको बारेमा पूर्व जानकारी पाउने प्रणालीको विकास गरी राजश्व संकलन कार्यलाई पूर्वानुमानयोग्य बनाउन शुल्कको बारेमा अग्रीम जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । साथै सेवाग्राहीको सहजताका लागि कर तिर्न विद्युतीय भुक्तानी (E-Payment) सेवाको स्तरउन्नती गरिनेछ ।

७२. यस अघि दिइदै आएको राजश्वमा छुट र सहुलियतको व्यवस्थालाई यथावत राखिनेछ ।

७३. नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, सहायता, अनुदान रकम भुक्तानीलाई क्रमश: राजश्व असुलीसँग अन्तरसम्बन्धित बनाई कडाइका साथ लागु गरिनेछ ।

७४. नगरपालिकाका विभिन्न विधामा कर तिर्ने ठुला करदाताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

७५. कानूनत नगरपालिकालाई राजस्व तिर्नु बुझाउनु पर्ने दायित्व भएका व्यक्ति संघ सस्थाको राजस्व वक्यौता रहेको वा राजस्वको दायरामा नआएकालाई नगरपालिकाको तर्फबाट कुनै किसिमका सेवा, कार्यक्रम वा योजना उपलब्ध गराइने छैन ।

७६. वडा कार्यालयहरुबाट नै एकीकृत सम्पत्ति कर तथा अन्य राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता प्रदान गरी राजश्व सेवालाई सहज बनाउन आवश्यक सेवा विस्तार गरिनेछ ।

**ज. रोजगारी सृजना, स्वरोजगार कार्यक्रम तथा उद्यम विकास :**

७७. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारसँगको साझेदारीमा सूचीकृत बेरोजगार व्यक्तिहरुको लागि आन्तरीक रोजगारी सिर्जना तथा प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गरिनेछ ।

७८. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरि अभिमुखीकरण तथा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७९ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सहजिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८०. पालिकास्तरिय योजना तथा कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ ।

८१. श्रम सस्कृतीको विकास गर्न "श्रमको सम्मान, राष्ट्रको अभियान" सञ्चालन गरिनेछ । साथै जनप्रतिनिधी कर्मचारी समेतको सहभागितामा श्रमदान अभियान सञ्चालन गरिने छ।

८२. समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तथा समुदायस्तरमा सचेतना कार्यक्रम

संचालन गरिनेछ।

८३. डिजिटल मार्केटिङ, SEO समेतका तालिम सञ्चालन गरिने छ। अप वोर्क, फाइभर,फ्रिलान्सर जस्ता अनलाईन प्लेटफर्ममा आफ्नो सीप उपयोग गरी घरमै बसेर वैदेशिक मुद्रा आर्जन गर्न वा स्टार्ट अप सुरुवात गर्न प्रोत्साहन गर्ने ध्येयले स्थानीयलाई रोजगारी प्रदान गर्ने गरी निर्यातमा आधारित सूचना प्रविधि जन्य उद्यमलाई इन्टरनेट र विद्युत महसुलमा सहुलियत प्रदान गर्ने कार्यक्रम ल्याईनेछ।

८४. वैदेशिक रोजगारी तथा अन्य कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारलाई समुदायस्तरमा गई मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ।

८५. रोजगारदाता तथा रोजगारीको अवसरको खोजिमा रहेका व्यक्तिहरुलाई लक्षित गरेर रोजगार मेला कार्यक्रमको आयोजना गरिनेछ।

**८६. "सशक्त र उद्यमी महिलाः समृद्ध र समुन्नत पालिका"** अभियानलाई निरन्तरता दिंदै उद्यमिहरुले उत्पादन/निर्माण गरेका वस्तु तथा सेवाहरुको बजारिकरणमा गरिएको सहजिकरणलाई निरन्तरता दिईनेछ।

८७. आवश्यकता र औचित्यको आधारमा विपन्न नागरिकको दैलोमै पुगी वित्तीय साक्षरता तथा उद्यमशिलता सम्बन्धी ज्ञान (Financial Education and Entrepreneurial Knowledge, FEEK) कार्यक्रम सञ्चालन गरि महिला तथा विपन्न नागरिकको वित्तीय पहुँच विस्तार गरिनेछ। साथै तालिम प्राप्त व्यक्तिहरुलाई विउ पुँजी प्रदान गरी उद्यमी बनाउने कार्यक्रमलाई थप परिस्कृत गर्दै कार्यान्वयन गरिने छ।

## २. सामाजिक विकास

### क) शिक्षा, युवा तथा खेलकूदः

### १. शिक्षाः

८८. विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित गरिनेछ। बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा पुरा गराउन अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमको दिगोपनामा ध्यान दिइनेछ।

८९. कक्षामा बालबालिकाको टिकाउदरमा बृद्धि गर्दै गुणस्तर सुधारको कार्यक्रम सञ्चालन गरिनेछ। बाल विकास केन्द्रलाई शैक्षिक र खेल सामाग्रीको व्यवस्थापन गरी बालमैत्री कक्षाको रुपमा स्थापित गरी नमूना बालविकास केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

९०. फरक क्षमता भएका बालबालिकालाई विद्यालय शिक्षामा भर्ना गराई नियमित गराइनेछ। कक्षा सञ्चालनको कारणबाट सामुदायिक विद्यालयमा फरक क्षमताका बालबालिकाको पहुँच नपुग्ने भएमा त्यस्ता बालबालिकालाई नीजि क्षेत्रमा काम गर्ने संघ संस्था सँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। फरक क्षमता भएका विद्यार्थीका लागि आवश्यकताको पहिचान गरी नगरपालिकाबाट उपलब्ध गराउँदै आएको ल्यापटप वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९१. विद्यालयमा विद्यार्थीको नियमितता वृद्धि गर्न, छात्राको उपस्थिति वृद्धि गर्न, तथा कक्षा छाड्ने र दोहोर्याउने दरमा कमी ल्याउन संघीय सरकारबाट प्राप्त हुन आएको दिवाखाजाको कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण तथा सेनीटरीप्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९२. नगरपालिका भित्रको सामुदायिक कलेजमा स्नातक तहमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका छात्राहरुको शिक्षामा समान पहुँच कायम गर्न उक्त समूहका छात्राहरु तथा दलित छात्रहरु समेतलाई स्नातक तह सम्मको अध्ययन पुरा गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

९३. संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयबाट उपलब्ध गराउने न्यूनतम १० प्रतिशत छात्रवृत्ति विद्यार्थीका लागि सुनिश्चित गरिनेछ। कक्षा ११ मा भर्ना हुने विद्यार्थीका लागि नगरपालिका र विद्यालयबाट पाँच/पाँच प्रतिशतको आधारमा छनोट गरी १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९४. शिक्षकहरुलाई नविनतम प्रविधिसँग सम्बन्धित तालिम, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिम तथा प्रश्नपत्र निर्माण र ग्रिड प्रयोगका सम्बन्धमा क्षमता विकास हुने गरी तालिमका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

९५. नविनतम प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी नगरपालिका र सामुदायिक विद्यालयको माध्यमिक तहमा डिजीटल माध्यमबाट कक्षा सञ्चालन हुने गरी विद्यालयहरुलाई स्मार्ट बोर्ड क्रमशःउपलब्ध गराइनेछ।

९६. सूचना प्रविधिसँग विद्यार्थीलाई अध्यावधिक राख्ने उद्धेश्यका लागि Pilot Project को रुपमा माध्यमिक विद्यालय गवैका कक्षा ११ का विद्यार्थीहरु लाई सर्त सहित ल्याटप प्रदान गरिएको कार्यक्रमलाई निरन्तरता दिदै अन्य विद्यालयमा समेत उक्त कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ।

९७. खैरहनी नगरपालिका भित्रका विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भई अध्ययन पुरा गर्न नसक्ने अति विपन्न बालबालिकाको लागि प्रदेश र संघिय सरकारसँगको सहकार्यमा एक स्थानमा आवासीय छात्रावास निर्माण गरीनेछ।

९८. शिक्षक इन्सेन्टिभ (१०-४) कार्यक्रम अन्तर्गत आफुले अध्यापन गर्ने विषयमा विद्यार्थीले प्राप्त गरेको समग्र विषयगत नतिजामा उच्चतम GPA कायम गराउन सफल शिक्षकलाई कार्यविधिको आधारमा "क" र "ख" वर्गमा विभाजन गरी पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसको लागि IEMIS सफ्टवेयर मार्फत प्रात नतिजाको विश्लेषण गरिनेछ।

९९. सामुदायिक विद्यालयको आधारभूत र माध्यमिक तहमा विद्यार्थी संख्या सञ्चालित कक्षा र विषयगत दरवन्दीको आधारमा शिक्षक नपुग हुने देखिएमा र लामो अवधिको विदा लिएका शिक्षकको सट्टामा युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी विद्यालयको पठन पाठनलाई नियमित गरिनेछ।

१००. सामुदायिक विद्यालयको बालविकास कक्षामा आवश्यक्ता अनुसार स्वयंसेवक शिक्षक व्यवस्थापन गर्दा नगरपालिकाबाट मन्टेश्वरी तालिम लिएकालाई प्राथमिकतामा राखिनेछ। साथै संस्थागत विद्यालयमा

पूर्व प्राथमिक कक्षाका लागि आवश्यक शिक्षक व्यवस्थापन गर्दा मन्टेश्वरी तालिम लिएका शिक्षकलाई प्राथमिकता दिन पहल गरिनेछ।

१०१. Six To Six कार्यक्रम अन्तर्गत शैक्षिक उपलब्धी कम भएका विषयको पहिचान गरी कक्षा ८ र १० मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०२. गृहकार्य कक्षा सञ्चालनको कार्यक्रम अन्तर्गत आधारभूत तह १-५ मा अध्ययनरत दलित, लक्षित वर्ग, सिमान्तकृत समूह तथा अति विपन्न परिवारका विद्यार्थीहरुको अध्ययन क्षमता संगै सिकाई उपलब्धि अभिवृद्धि गर्न त्यस्ता समूहका परिवारको वसोवास रहेको स्थानमा विद्यालय समयको अतिरिक्त समयमा कक्षा सञ्चालन हुने गरी वडा कार्यालय र टोल सुधार समिति मार्फत गरिदै आएको कक्षा सञ्चालनका कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि सम्बन्धित वडा, विभिन्न संघ संस्था संगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यसञ्चालन प्रक्रिया अगाडी बढाइनेछ।

१०३. SEE उत्तीर्ण गरेका तर कमजोर आर्थिक अवस्थाका कारण विज्ञान विषय पढ्न रुचि भए पनि पढन नसक्ने विद्यार्थीहरुका लागि नगरपालिकाको अनुदानमा खैरहनी माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्यापन गराउदै आएको कार्यक्रमलाई नियमित गरिनेछ।

१०४. भौतिक अवस्था कमजोर भएका विद्यालयका भवन र कक्षाकोठा निर्माण एवम् मर्मत, खानेपानी, शौचालय, कम्पाउण्डवाल र फर्निचर नपुग भएका विद्यालय, ICT को कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम आवश्यक परेका विद्यालयमहरुमा संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमसंग संयोजन हुनेगरी विद्यालय भौतिक पूर्वाधार विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०५. विद्यालयमा करेसावारी निर्माण गरी उत्पादित तरकारीलाई विद्यार्थीको दिवाखाजामा प्रयोग गर्ने तथा विद्यालय कम्पाउण्ड भित्र फुलवारी निर्माण गर्ने र विद्यालयको हाता भित्र वृक्षारोपण गरी वातावरण संरक्षण गर्न हरित विद्यालय कार्यक्रमलाई अगाडी बढाइनेछ।

## २. युवा तथा खेलकुद विकासः

१०६. खेलाडीहरुमा रहेको प्रतिभालाई उजागर गर्न र खेलप्रति प्रतिस्पर्धाको भावना जागृत गराउन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, मेयरकप फुटवल प्रतियोगिता, क्रिकेट प्रतियोगिता र अन्य विधागत खेल प्रतियोगिता तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापको कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट खेलाडी सम्मान तथा अतिरिक्त अवसर सृजनामा जोड दिइने छ।

१०७. जनप्रतिनिधि र कर्मचारी  बीचको मित्रतालाई प्रगाढ बनाउन सञ्चालन हुदै आएको फुटवल तथा कवड्डी प्रतियोगिता सहित शिक्षकहरुको मैत्रीपूर्ण भलिवल खेल प्रतियोगितालाई निरन्तरता कायम गरिनेछ।

१०८. नगर खेलकुद विकास समितिको संस्थागत क्षमतालाई अभिवृद्धि गर्दै लगिनेछ। विधागत खेललाई खेलकुद समितिमा सुचिकृत गरी समिति मार्फत खेल प्रतियोगिताको कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

खेलाडीहरुको खेल अवधिको विमाको व्यवस्था मिलाइनेछ। जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुने खेलाडीको छनौट र सहभागिताका सम्बन्धमा नगर खेलकुद समितिलाई जिम्मेवार बनाइनेछ।

१०९. नगरपालिका भित्र कभर्डहल निर्माण गर्ने कार्य सम्पन्न गरिने छ।

११०. नागरिकको स्वास्थ्य समेतलाई मध्ये नजर गरी नगरपालिका भित्र एक वार्ड एक ओपन जिम योजनालाई बिस्तार गरिने छ।

## ख) स्वास्थ्य

१११. प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक एवं प्रशामक (Palliative) स्वास्थ्य सेवामा सबै नगरबासीको सर्वव्यापी पहुँचको अवधारणा अनुरुप विस्तार गर्न "**निरोगी खैरहनी अभियान**" संचालन गरिनेछ।

११२. निशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवालाई प्रत्याभूत गरि आधुनिक चिकित्सा प्रणाली सहित आयुर्वेद,योग तथा प्राकृतिक चिकित्सा सेवा समेतको विस्तार गरि नगरवासीको स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र सीपलाई विकास गर्नका लागि आवश्यक जनचेतना अभिवृद्धि, सुचना सम्प्रेषण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

११३. महामारीको रोकथाम, नियन्त्रण र उपचारको लागि औषधी, उपकरणहरु तथा सुरक्षा सामग्रीहरुको यथेष्ट व्यवस्थापन गरि पूर्व तयारी गरिनेछ।

११४. बा-आमा स्वास्थ्य कार्यक्रमलाई "**म स्वस्थ, मेरो समुदाय स्वस्थ**" राष्ट्रिय नीति कार्यक्रम अनुरुप समय सापेक्ष हुने गरि सुधार र परिष्कृत सेवाहरु सहित निरन्तरता दिईनेछ।

११५. बिभिन्न किसिमका सर्ने, नसर्ने रोग परीक्षण, मानसिक स्वास्थ्य प्रवर्धन र उपचार सम्बन्धी एकिकृत स्वास्थ्य शिविर संचालन गरिनेछ। महिलाहरुको प्रजनन् स्वास्थ्य समस्याहरुको परीक्षण तथा उपचार सेवालाई निरन्तरता दिदै पुरुषहरुमा हुने प्रोष्टेट क्यान्सरको निदानको लागि प्रोष्टेट क्यान्सरको आधारभुत स्क्रिनिङ्ग तथा परीक्षण सेवा को सुरुवात गरिनेछ।

११६. मातृ शिशु स्याहार प्रवर्धन गर्ने खैरहनी नगर अस्पतालबाट प्रदान हुने संस्थागत सुत्केरी सेवालाई थप प्रोत्साहित गर्ने तथा सुत्केरी सेवा लिन आउने तथा सेवा लिई फर्किने आमाहरुको लागि नगरपालिकाको तर्फबाट संचालित एम्बुलेन्स भाडा निशुल्क हुने गरि "**उप-मेयर गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम**" लाई आवश्यकता बमोजिम विस्तार गरिनेछ। यस आ.व को सुरुवातबाट नै सामुदायीक भिडियो एक्सरे सेवालाई कार्यतालिका बनाई संचालन हुने व्यवस्था मिलाईनेछ।

११७. लामो अवधिको परिवार योजनाका साधनको पहुँच र उपयोगलाई अभिवृद्धि गर्दै बच्चाको रहर पुगेका दम्पतीहरूको लागि स्थायी बन्ध्याकरण घुम्ती शिविर संचालन गरिनेछ।

११८. "**सबै नीतिमा स्वास्थ्य नीति**" कार्यान्वयन गर्दै लागु पदार्थ दुर्व्यसनी, लैगिंक हिंसा, मनोसामाजिक विचलन, यौन तथा प्रजनन स्वास्थ्य लगायतका समस्यामा सहज पहुँच र पहिचानका लागि स्वास्थ्य सेवा प्रवाहलाई किशोर किशोरी मैत्री सेवाको रुपमा विकास गर्ने नीति लिइनेछ।

११९. स्वास्थ्य संस्थाहरुबाट मोतीविन्दु, दृष्टिदोष जस्ता समस्याको समयमै पहिचान गर्न मोतीविन्दुको स्कृनिङ्ग सहित आँखाको आधारभुत परीक्षण सेवा सुरुवात गरिनेछ।

१२०. खैरहनी नगर अस्पतालको भवन निर्माण सम्पन्न गरी २४ घण्टे इमर्जेन्सी सेवा, प्रसुती सेवा, प्रयोगशाला सेवा, फार्मेसी सेवा सहितको विशेषज्ञ सेवा विस्तार गर्दै लगिनेछ। मुख तथा दाँत स्वास्थ्य सम्बन्धी डेन्टल सेवा तथा हिरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थान पर्सा आँखा उपचार केन्द्र खैरहनीसँगको सहकार्यमा आँखा उपचार सेवालाई विस्तार गर्न आवश्यक बजेट तथा जनशक्ती व्यवस्थापन गरि विशेषज्ञ स्वास्थ्य सेवालाई विस्तार गर्दै लगिनेछ।

१२१. स्वास्थ्य संस्थाहरुको दक्ष स्वास्थ्यकर्मी सहित स्वास्थ्य संस्थाहरुको भौतिक तथा प्राविधिक पूर्वाधार विकास गर्दै प्राथमिक अस्पताल तथा स्वास्थ्य चौकिहरुमा न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) लाई कडाईका साथ लागु गरिनेछ।

१२२. स्वास्थ्य सेवाको नियमित स्वास्थ्य नियमन प्रणाली, जनस्वास्थ्य विपद् पुर्वतयारी तथा प्रतिकार्यलाई सुदृणिकरण गरी तथ्यांक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउँदै लैजान एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

१२३. बहुक्षेत्रीय पोषण योजना तथा पोषणमैत्री स्थानीय शासन प्रबर्धन कार्यान्वयन गर्न आवश्यक सुचकमा दिगोपना कायम राख्न अत्यावश्यक स्वास्थ्य प्रोफाईल निर्माण गर्न आवश्यक प्रबन्ध गरि पोषण विशेष कार्यक्रम र पोषण संवेदनशिल कार्यक्रम संचालन गरिनेछ।

१२४. नगरपालिकामार्फत विपन्न तथा कुपोषित बालबालिकाको लागि "**विपन्न बालबालिका पोषण कार्यक्रम**" अन्तर्गत "**एक गिलास दुध, एक अण्डा**" कार्यक्रमलाई थप विस्तार गरि सञ्चालन गरिनेछ।

१२५. नगरबासीको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्नका लागि विपन्न परिवारका लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम लाई आवश्यक कानुनी सुधार गर्दै विस्तार गरिनेछ।

१२६. नगरपालिकाले विपन्न बिरामीलाई प्रदान गर्ने आर्थिक सहयोगलाई व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गरि कार्यक्रम व्यवस्थापन गरिनेछ। नगरबासीलाई उपचारमा आवश्यक पर्ने रगत विरामीले निशुल्क प्राप्त गर्न सक्ने गरि संचालित कार्यक्रमलाई निरन्तरता दिइनेछ। डायालाइसिस तथा एच्आई भी भएका व्यक्तिहरुलाई उपचार सहुलियतको लागि प्रदान गरिने यातायात खर्चलाई निरन्तरता दिईनेछ।

१२७. प्रदेश सरकार सँगको साझेदारीमा एक स्थानीय तह, एक नमुना स्वास्थ्य संस्था र एक विद्यालय एक नर्स कार्यक्रम लाई निरन्तर संचालन गरिनेछ। विद्यालय स्वास्थ्य तथा पोषण सबै सामुदायिक-संस्थागत विद्यालयमा विस्तार गर्न विद्यालय नर्स कार्यक्रमलाई सबै सामुदायिक विद्यालयहरुमा विस्तार गर्दै संस्थागत विद्यालयहरुमा समेत कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्रबन्ध गरिनेछ।

१२८. "स्वास्थ्य संस्था जन्य फोहोर मैला व्यवस्थापनका लागि आवश्यक समन्वय र सहजीकरण गरि स्वास्थ्य संस्थामा उत्पन्न हुने फोहोरलाई अलग्गै संकलन, निर्मलीकरण र उचित व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरुको लागि आवश्यक सर-सामाग्री तथा तालिमको प्रबन्ध गरिनेछ।

१२९. बदलिदो आधुनिक चिकित्सा एवं प्रविधिमैत्री हुने गरि स्वास्थ्यकर्मी, कर्मचारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका,स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवृद्धि गर्दै लगिने छ। नगरपालिकाको तर्फबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आइएको मासिक यातायात खर्चलाई निरन्तरता दिई सेवा निवृत हुने महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्यकर्मीलाई यथार्थपरक कार्य सम्पादनका आधारमा तालिममा मनोनयन, पुरस्कार एवं प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

१३०. लैङ्गिक हिंसा न्युनिकरणका लागि विभिन्न समुदायिक संस्थाहरुसंग समन्वय र सहकार्य गरी समुदाय स्तरमा लैङ्गिक हिंसा बिरुद्ध सचेतना अभियान संचालन गरिनेछ।

१३१. खैरहनी नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त वडा तथा नगर घोषणाको गरिनेछ।

१३२. जेष्ठ नागरिकको हक अधिकार र सम्मानका लागि मौलिक ज्ञान र सीपको अन्तर पुस्ता हस्तान्तरणको वातावरण सृजना गरिने छ । जेष्ठ नागरिक परिचय पत्र वितरण र अभिलेखिकरणको कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।

१३३. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, दलित लगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर जागरण मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

१३४. अपाङ्गता भएका नगरवासीलाई सम्मानपूर्ण र आत्मनिर्भर जीवनयापनको सुनिश्चता गर्न नगरपालिका भित्रका भौतिक संरचनालाई अपाङ्गता मैत्री बनाउँदै मागमा आधारित आयमूलक र उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

१३५. नगरस्तरिय जेष्ठनागरिक मञ्च, बालसमूहहरू,जनप्रतिनिधि तथा आमा समुहको क्षमता अभिवृद्धिको अभियान सञ्चालन गरि सामाजिक पुजिको परिचालन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ) सामाजिक सुरक्षा तथा संरक्षण :**

१३६. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुले सहज तरिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरी बैंकहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१३७. सामाजिक न्याय आवश्यक पर्ने सबैलाई समावेशिताका आधारमा सेवा तथा सुविधाहरु प्रदान गरिनेछ ।

**ङ) भूमि व्यवस्था**

१३८. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जग्गा नाप नक्साको हालसम्म भएको कार्यको दस्तावेजिकरण गरिनेछ भने भूमी आयोगसँग सहकार्य समन्वय गरी नापजाँचको कार्य पुन सूचारु गरिनेछ ।

१३९. नगर विकास योजना अन्तर्गत रहि भूमि वर्गिकरणको कार्य आ.व. २०८२/८३ मा सम्पन्न गरिनेछ ।

१४०. भु-उपयोग नक्सांकन गरी उपयुक्त भौगोलिक बनौट समेतलाई ध्यानदिई पूर्वाधार तथा संरचनाहरुको विकास गरिनेछ ।

## ३. पूर्वाधार विकास :

### क) यातायात पूर्वाधार

१४१. चैनपुर चोकमा नगरको पहिचान झल्काउने गरी आकर्षक गेट निर्माण, खैरहनी नगरभित्र बहुउद्देश्यीय खेलकुद र अन्य कार्यक्रम सञ्चालन गर्न सकिने कवर्ड हल निर्माण, वडा नं. ६ मा निर्माणाधिन बालउद्यान, डिज्नी पार्क नजिकै बुढीराप्ती खोलामा मोटर बोट सञ्चालन गर्ने गरी ब्यारेज निर्माण जस्ता क्रमागत योजनाहरूको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ।

१४२. पर्सा हुँदै मझुई बाटो नाला सहितको सडक स्तरोन्ती, खैरहनी पुरानो पर्सा–मझुई–शान्तिबजार सडक, ज्यामीरे चोक–सिमलघारी–कंकाली मार्ग, विन्दबासीनी चोक–वडा नं. ४ कार्यालय सडक, मगनी खैरहनी ८–धुसरी लदरी खोला–उनान्टोल चौविसकोठी सडक, सिमलटाँडी–राप्ती नगरपालिका सीमा सडक, लालटिन बजार–सुर्तना–बडगाउँ सडक, खैरहनी शान्तिबजार–कठारबजार–राप्ती खोला मार्ग, सिसहानी–कुमरोज–गवै–हर्नरी हात्ती काउन्टर सडक, बुढौली चोक–गौवा सडक, वडा नं. ५ कार्यालय–वडा नं. १ ज्यामीरे सडक, वडा नं. ११ कार्यालय अगाडिको सडक, वडगाउँ–कपिया सडक, बैरहनी–उत्तर सडकजस्ता विभिन्न स्थानका अधुरा नाला निर्माण तथा सडक स्तरोन्नती कार्यहरू सम्पन्न गरिनेछ।

१४३. बुढौली–खैरहनी–५ हुँदै १३ गौवा–गवै हुँदै कुमरोज–भोलाचोक–सिसेनी चोक सडक स्तरोन्नती कार्यहरू वडा नं. ५, १२ र १३, विन्दबासीनी दराई बस्तीदेखि वडा नं.४ कार्यालय हुँदै गैडे आहाल सडक स्तरोन्नती वडा नं. २, ३ र ४, साथै वडा नं. ८ मगनी गाउँदेखि धुसेरी लदरी पुल हुँदै उनान्टोल सम्म नाला सहितको बाटो निर्माण गरिनेछ।

१४४. मगनी घोलको निर्माणकार्य यसै वर्ष सम्पन्न गरिनेछ साथै धुसरी जलाशय संरक्षणको कार्य अगाडी बढाईनेछ।

१४५. पूर्वाधार निर्माण सम्बन्धी योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा सकेसम्म थोरै संख्यामा बढी भन्दा बढी जनसंख्या, आर्थिक, सामाजिक र भौगोलिक क्षेत्र समेट्ने स्थानीय स्रोत साधनको उपयोग हुने तथा रोजगारीको अवसर सिर्जना गर्ने विषयलाई विशेष ध्यान दिइने छ।

१४६. बीसलाख भन्दा बढीलागतका आयोजनाहरु प्रतिस्पर्धात्मक खरिद विधि तथा प्रक्रिया मार्फत कार्यान्वयन गर्ने नीति अबलम्बन गर्दै उपभोक्ता समितिद्धारा सम्पादित गरिने योजनाहरुमा उपभोक्ता समितिको श्रमदान तथा लागत साझेदारीलाई अझै प्रभावकारी गरिनेछ साथै श्रमदान अनुकुलता हुने भौतिक पूर्वाधार निर्माणमा नगरपालिका सहित स्थानीय सरोकारवालाहरुको समन्वय र सहकार्यमा श्रमदानद्धारा योजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

१४७. नगरस्तरीय र ठुला प्रकृतिका आयोजना सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता समुदायको वा लाभग्राहीहरुको बढी भन्दा बढी लागत (नगद) साझेदारी वा योगदानमा आधारित र स्वदेशी निर्माण समाग्रीहरुको प्रयोग गर्न सकिने आयोजनाहरुलाई प्राथमिकताका साथ छनौट गरी सञ्चालन गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

१४८. उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने नियमित आयोजनाहरुको हकमा उपभोक्ता समितिको योगदानलाई अझ व्यवस्थित गरी एकरुपता कायम गरिनेछ र सोही आधारमा आयोजना सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४९. योजना सञ्चालन कार्यलाई सहज, व्यवस्थित र गुणस्तरीय बनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम सञ्चालन कार्य निरन्तरता गरिनेछ।

१५०. नगरस्तरिय आयोजना छनौट गर्दा आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, कार्यस्थलमा कुनै बाधा विवाद नरहेको योजना छनोट गर्ने तथा उल्लेखित अध्ययनहरुका आधारमा आयोजना छनौट गरी सोही अनुसार कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१५१. नगर गौरवका योजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

१५२. खैरहनी नगरपालिकाका वडा नं. २,३,४,१०,११,१२ र १३ का नगरवासीलाई सार्वजनिक यातायातमा भएको असहजतालाई न्युनिकरण गर्न नगरपालिकाको लगानीमा  घुम्ती ई-रिक्सा सेवा व्यवस्था गरिनेछ ।

१५३. नगरस्तरीय योजना बैङ्कमा प्राप्त अनुमानित बजेट २० लाख भन्दा ठुला बजेट आवश्यकपर्ने योजनाहरुको हकमा आवश्यकता अनुसार पूर्व सम्भाब्यता अध्ययन, सम्भाव्यता अध्ययन तथा DPR तयार गरिनेछ र सोहि अधारमा संघ, प्रदेश र नगरपलिका बाट बजेट व्यवस्थापन गरी क्रमशः सञ्चालन गरिनेछ ।

१५४. नगरक्षेत्र भित्रका सडकहरु कालोपत्रे वा स्तरउन्नती गर्दा संघीय तथा प्रदेश सरकारद्वारा जारी गरिएका ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा नीति अवलम्बन गरिनेछ ।

१५५. योजना छनोट गर्दा एक भन्दा बढि वडा समेट्ने आयोजनाहरुलाई  प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१५६. पूर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जुमा गर्दा बाल मैत्री, अपाङ्ग मैत्री र वातावरण मैत्री प्रावधानलाई समावेश गरि कार्यान्वयन गरिने छ ।

१५७. निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष सञ्चालन एवं पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन गरिनेछ ।

१५८. निर्माण सम्पन्न भएका ५० लाख भन्दा बढि बजेट लागानि भएका आयोजनाहरुको प्रभाव मुल्याङ्कन एवं दिगोपना योजना तयार गरी कार्यान्वयन गर्ने तथा सोही आधारमा आगामि वर्षको योजना तर्जुमा गर्ने नीति लिइनेछ ।

१५९. नगरस्तरीय यातायात गुरुयोजनाले निर्दिष्ट गरेबमोजिमका नगरस्तरिय सडकहरुको सडक स्रेस्ता तयार गरी सोही आधारमा सडक मर्मत तथा स्तरोन्नती गर्ने नीति अवलम्बन गरिनेछ।

१६०. नगर क्षेत्रमा निर्मित पूर्वाधारहरुको Computerized Data Base तयारगर्न आवश्यक Software व्यवस्थागरी पूर्वाधार विकास निर्माण कार्यको एकिकृत अभिलेख प्रणाली तथा प्रतिवेदन तयार गर्ने

व्यवस्था गरिनेछ। नगरका स्वीकृत वार्षिक योजनाको समग्र कार्यान्वयन स्थिति मूल्याङ्कन गर्ने र मूल्याङ्कन प्रतिवेदनका अधारमा आगामी बर्षको योजना तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ।

१६१. नगरपालिकामा हुने विकास आयोजनाको निर्माण र निर्माण सामाग्रीहरुको गुणस्तर सुनिश्चित गर्न नगरपालिका सँग जोडिएका अन्य स्थानीय तहहरुसँग, निर्माण सम्बन्धी एक संयुक्त आधुनिक प्रविधियुक्त प्रयोगशाला स्थापना गर्न समन्वय तथा सहकार्य गरिनेछ।

१६२. उच्च तथा दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवर्धन गरिनेछ। सडक तथा पुलको निर्माण, सम्भार र परिचालनमा तीन तहका सरकारहरुको बीच समन्वय र सहकार्य गरिनेछ।

१६३. "**नियमित मर्मत सम्भारः दिगो सडकको आधार**" अन्तर्गत खैरहनी नगरपालिका द्वारा निर्मित सडकहरुको नियमित मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। उपभोक्ता समितिद्वारा निर्माण सम्पन्न आयोजनाको दिगो संचालन र व्यवस्थापनको लागि १% मर्मत सम्भार खर्च सम्बन्धित योजनाबाट कट्टा गरि मर्मत सम्भार कोष सञ्चालनमा ल्याइनेछ।

१६४. दिगो तथा वातावरणमैत्री सडक संचालनका लागि सडक हेरालु कर्मचारीको व्यवस्था गरिनेछ।

१६५. सडक पूर्वाधार निर्माण गर्दा हरित सडक अवधारणालाई प्रयोगमा ल्याइ सडक निर्माण पूर्व लागत अनुमान तयार गर्दा कुल लागतको कम्तिमा ५ प्रतिशत रकम सडक वृक्षारोपणमा समावेश गरिनेछ।

१६६. अत्यावश्यक बाहेकको सडक नाला निर्माणमा नयाँ प्रविधिमैत्री पानीको पुनर्भरण (Rain Water Harvesting) प्रविधि प्रयोगमा ल्याइनेछ साथसाथै नालाबाट निस्काशित पानीलाई शुद्धिकरण गरी पुनर्भरण गरिनेछ।

१६७. खैरहनी-सिसाहनी, सिसहनी-सुर्ताना, सुर्ताना-सुर्तेनी, सुर्तेनी-बस्ताकोटी टोल, नमुना वस्ती, मगनी-होलिल्याण्ड रोड, चैनपुर चोक र तुलसीपुर लाई बिशेष बजार क्षेत्र बनाउने उदेश्यका साथ पूर्वाधारहरुको विकास गरिनेछ।

## ख) भवन, आवास तथा सहरी विकास

१६८. भवन ऐन २०५५ र भवन संहिता २०६० अनुरूपको व्यवस्थालाई कार्यान्वनमा ल्याउन तयार गरिएको खैरहनी नगरपालिकाको भवन निर्माण संहिता तथा योजना मापदण्ड २०७६ बमोजिम नयाँ घर/भवन तथा भौतिक संरचना निर्माण गर्न स्वीकृति दिईने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१६९. वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन-२०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुसार घर/भवन तथा भौतिक संरचनाहरुलाई चरणवद्ध तरिकाले निर्माण गर्न स्वीकृति दिईने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१७०. २०७२ साल भन्दा अगाडी निर्माण भईसकेका घर/भवन तथा भौतिक संरचनाहरुलाई खैरहनी नगरपालिकाको भवन नियमित गर्ने सम्बन्धि कार्यविधि २०७५ अनुसार उक्त संरचनाहरुको दर्ता/अभिलेख यथावत अवस्थामा प्रमाणित गरि राख्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७१. खैरहनी नगरपालिकाको भवन नियमित गर्ने सम्बन्धी कार्यविधि -२०७५ (पहिलो संशोधन–२०८०) मा व्यवस्था भए अनुसार नगरपालिका स्थापना भएपछि वा स्थापना हुनु अगाबै बनेको घर/भवन तथा भौतिक संरचनाहरुको हाल नगरपालिकाले निर्धारण गरेको बाटोको क्षेत्रअधिकार भित्र परेको खण्डमा त्यस्ता घर/भवन तथा भौतिक संरचनाहरुको अभिलेख प्रक्रिया गर्दा उक्त क्षेत्रअधिकार भित्र परेको भाग नेपाल सरकार वा नगरपालिकालाई सार्बजनिक प्रयोजनको लागि आवश्यक परेको खण्डमा तत्काल जग्गाधनी स्वयमले आफ्नै खर्चमा हटाउने शर्तमा हाललाई यथास्थितिकरण कायम गरी अभिलेख राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१७२. घर नक्सा सम्बन्धी पुराना फाइलहरुलाई व्यवस्थित गर्न अभिलेख (File Digitalization) प्रणाली विधि तथा घर/भवन नक्सापास प्रक्रियालाई EBPS Version 2 मार्फत नक्सापास गर्ने कार्यलाई निरन्तरता दिईनेछ र सेवाग्राहीहरु तथा निर्माणकर्मीहरुलाई चरण-चरणमा घर नक्सा प्रक्रिया बारे सूचना प्रदान गर्न सन्देश E-message प्रणाली लागु गरिनेछ ।

१७३. निर्माण भएका घर/भवनहरुको नयाँ नक्सापास, अभिलेखिकरण तथा यथास्थितिकरण गर्दा अनिवार्य GPS (Global Positioning System) Google Co-ordinate location बाट Location Track गरी उक्त नक्साको लोकेसन प्लानमा राखे प्रकियालाई निरन्तरता दिईनेछ।

१७४. निर्माण भएका घर/भवनहरुको नयाँ नक्सापास, अभिलेखिकरण तथा यथास्थितिकरण गर्दा अनिवार्य रुपमा त्यस्ता घर/भवन तथा भौतिक संरचनाहरुको निर्माण सम्पन्न प्रमाण-पत्रमा QR-Code राखी उक्त QR-Code बाट सम्पूर्ण जानकारी पाउने व्यवस्थालाई निरन्तरता दिईनेछ

१७५. नगरपालिकामा रजिस्ट्रेसन गरिएका निर्माणकर्मी, निर्माण व्यवसायी तथा परामर्शदाता/कन्सल्टेन्सिहरुलाई व्यवस्थित मर्यादित र कानूनी प्रक्रियामा ल्याउन समयानुसार घर/भवन तथा भौतिक संरचना सम्बन्धी थप आवश्यक तालिम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१७६. भवन निर्माण क्षेत्रमा एकरुपता ल्याई व्यवस्थित बनाउन स्थानीय मौलिकता र वास्तुकलाको संरक्षणमा जोड दिइनेछ ।

१७७. खैरहनी नगरपालिका अन्तर्गत निर्माण सम्पन्न सामुदायिक तथा सरकारी भवनहरुको नक्सा पास र अभिलेख राख्ने कार्यको सुरुवात गरिनेछ ।

१७८. वातावरणमैत्री र हरित प्रविधिमैत्री आवास तथा भवनहरु निर्माण गर्न नगरपालिका द्वारा समन्वय तथा सहजिकरण गरिनेछ ।

## ३. <u>वन वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र तर्फ</u>

### क) वातावरण संरक्षण:

१७९. नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्यलाई प्राथमिकताको साथ कार्य गरिनेछ ।

१८०. वृक्षारोपण, सरसफाई, जनचेतनामुलक कार्य गर्ने स्थानीय संघ, संस्था, क्लब र टोल विकास संस्थालाई

प्रोत्साहित गरिनेछ र वातावरण तथा सरसफाईको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्था वा व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१८१. ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिने छ।

१८२.नगर गौरवका सडकहरु निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था मिलाईनेछ।

१८३. नगरपालिकाको बिभिन्न वडाहरुको खोला र कुलोमा लाईनिग, बैंक प्रोटेक्सन (Bank Protection), ड्यक( Dyke) निर्माण तथा सरसफाई कार्यलाई नियमित प्राथमिकता दिईनेछ।

१८४. नगरपालिका क्षेत्र भित्र खानेपानी, वायुस्तर, ध्वनीस्तरको वातावरण गुणस्तरको नियमित परीक्षण गर्ने प्रवन्ध गरिनेछ।

१८५. नगरपालिका क्षेत्र भित्र हुने विपदको घटनाको ८०% कारक जलवायु परिवर्तन भएकाले, खैरहनी नगरपालिका क्षेत्रका जलवायु अनुकुलन पद्दतिको विकास र अभ्यासमा जोड दिइने छ।

१८६. मानव र वन्यजन्तु बिचको सम्बन्धमा समायानुकुल सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ। वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्ने सिमानामा कंक्रिट वाल तथा तारजाली लगाइने कार्यलाई थप तिव्रता दिइने छ।

१८७. खैरहनी नगरपालिकाको रहेको बिभिन्न खोलाहरुमा खोला सौन्दर्यकरण तथा हरियाली प्रवधनको लागी आवश्यक बिरुवा रोपी तथा सरसफाई गरी वृक्षारोपणमा अन्तर निकाय सहकार्य र समन्वय गरिने छ।

**ख) विपद तथा प्रकोप व्यवस्थापन**

१८८. खैरहनी नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखाको अगुवाईमा आगलागी नियन्त्रणको लागि बिभिन्न वडामा फायर ब्रिगेड पोइन्टको जडानको कार्यलाई निरन्तरता दिईने छ।

१८९. आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच विस्तार गरिने छ।

१९०. विपद् र प्रकोप पिडितहरुका लागि उद्दार हेतु अत्यावश्यक कार्यक्रम तथा दिईदै आएको राहत र सहयोगलाई निरन्तरता दिइने छ।

१९१. नगरपालिका क्षेत्रभित्र हुने विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन Local Emergency Operation Centre (LEOC) सवलिकरण गरिने छ।

१९२. विपद् व्यवस्थापनका लागि सवै वडाहरुमा रहेको केही खुल्ला सार्वजनिक स्थलहरुको पहिचान गरी सार्वजनिकरण गरिने छ।

१९३. वातावरण तथा विपद् व्यवस्थापनका लागि आबश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाइने छ।

१९४. खैरहनी नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक योजनासँग जोडेर मुलप्रवाहिकरण गरिनेछ ।

१९५. खैरहनी नगरपालिकाको विपद जोखिम पहिचान, नक्साकन र जोखिमको विश्लेषण सहितको विपद सूचना व्यवस्थापन प्रणाली – विपद पोर्टलको स्तर उन्नति गरिने छ ।

१९६. विपद् र बिकासमा युवा परिचालनको नीति लिइने छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरुमा युवा स्वमसेवकहरु परिचालन तथा व्यवस्थापन गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१९७. भवितव्य आउन सक्ने विपद् व्यवस्थापन गर्न विद्यार्थी र नगरवासी बीच विपद् पूर्व तयारी प्रतिकात्मक अभ्यास सहितको प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।

१९८. विपद प्रतिकार्य कार्यदल गठन गरि विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

**ग) फोहोरमैला व्यवस्थापन र सरसफाई**

१९८. फोहोरलाई मोहोरमा परिणत गर्न फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग र फोहोर वर्गीकरणमा 3R Principle (Reduce, Recycle र Reuse )लाई प्रयोगमा ल्याइने छ ।

१९९. नगरपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताका लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइने छ । फोहोरलाई स्रोतमा वर्गीकरण गर्ने, प्राङगारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिने छ ।

२००. नगरक्षेत्र भित्रका विभिन्न संघसंस्था, सामुदायिक विद्यालयहरुलाई आवश्यकताका आधारमा डस्टबिन वितरण गरिने छ ।

२०१. नगरपालिका क्षेत्रको १३ वटा वडाकै टोल विकास संस्थाका प्रतिनिधिज्यूहरुलाई घर भित्रको फोहोर व्यवस्थापन अन्तर्गत छुट्टाछुट्टै जैविक/अजैविक गरी वर्गिकरण गर्न लगाउने, फोहोर न्यूनीकरण, जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य गर्नका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२०३. नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन रविशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियानलाई बृहत बनाइनेछ ।

२०४. खैरहनी नगरपालिका भित्र पलाष्टिकजन्य बस्तुको प्रयोगमा न्यूनीकरण ल्याउनको लागि थप कदम चालिनेछ ।

२०५. पालिकासँग सिमाना जोडिएका स्थानीय तह तथा निजि क्षेत्रसँग साझेदारी गरी फोहोरमैला व्यवस्थापनको दिगो प्रवन्ध गरिने छ ।

## ४. सुशासन, पारदर्शिता तथा संस्थागत विकास

### क) सूचना प्रविधि

१०६ नगरपालिका र वडा कार्यालयले प्रदान गर्ने सेवा, सुविधा, परामर्शहरु सूचना प्रविधिको माध्यमबाट जनसमुदाय/सेवाग्राही समक्ष पुर्याउनको लागि नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालयमा डिजिटल बोर्डको व्यवस्थापन गरिनेछ।

१०७. नगरपालिका भित्रका सम्पूर्ण बिद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक पहल गरिनेछ।

२०८. खैरहनी नगरपालिकाको स्थानीय प्रशासन तथा प्रहरी प्रशासनलाई नियमन गर्न सहयोग लागि नगरपालिका भित्र सुरक्षाका दृष्टिकोणले सम्वेदनशिल क्षेत्रहरुमा Surveliance System थप गरि क्यामरा जडान कार्यलाई निरन्तरता दिईनेछ।

२०९. तथ्यांक भण्डारको लागि राष्ट्रिय तथ्यांक प्रोफाइलमा नियमित अद्यावधिक गरिनेछ।

२१०. नगरपालिका/वडा कार्यालय/स्वास्थ्य क्षेत्रबाट हुने सेवा प्रवाहलाई थप सरल या गुणस्तरीय बनाउनको लागि प्रविधि मैत्री तालिम तथा सूचना प्रविधिमा जोड दिइनेछ।

२११. स्थानीय शासनलाई डिजिटल रूपान्तरण गर्दै समुचित शहरी योजना, सेवा प्रवाह र नागरिक अभिलेखीकरणलाई सुदृढ बनाउन सबै घरधुरीमा QR कोडसहितको युनिक घर नम्बर प्रदान गरीने कार्य सुचारु गरिनेछ।

२१२. सम्भाव्यताको आधारमा उपयुक्त स्थानहरुको छनौट गरि सम्बन्धित निकायको समन्वयमा Free WIFI Zone को व्यवस्था गरिनेछ।

२१३. खैरहनी नगरपालिका भित्र रहेका प्राविधिक शिक्षालय सँग समन्वय गरि विधुतीय शासन प्रवर्द्धनको कार्य संचालन गरिनेछ। नगरपालिकाको मोबाईल एपलाई थप परिस्कृत र अद्यावधिक गरिने छ।

### ख) सुशासन र संस्थागत विकास

२१४. भ्रष्टाचार र अनियमितताका सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ। पारदर्शिता र जवाफदेहिताका औजारहरुको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गरिने छ।

२१५. कृतिम वौद्धिकता, क्लाउड कम्प्युटिङ, ब्लकचेन प्रविधि (Blockchain Technology) र रोबोटिक्स जस्ता आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय गराईनेछ।

२१६. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई एकीकृत स्वचालित प्रणालीमा आवद्ध गरि विधुतीय शासन (E-Governance) र न्युन कागज प्रयोग (Less Paper Governance) विधि अवलम्बन गर्दै डिजिटल नगरपालिकामा रुपान्तरण गरिनेछ।

२१७. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको अबलम्बन गर्दै कर्मचारीहरुको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ ।

२१८. नगरपालिकाबाट सम्पादन हुने कार्यक्रम तथा आर्थिक कारोबारको मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

२१९. नगरभित्रका तथ्यांकहरु व्यवस्थित गर्न तथ्यांक उपशाखालाई थप व्यवस्थित गरिनेछ ।

२२०. सेवाग्राहीलाई सहजताका लागि प्राय सेवाहरु वडा कार्यालयबाट नै प्रवाह गर्ने व्यवस्था मिलाईनेछ। वडाबाट प्रवाह हुने सेवालाई क्रमश: विस्तार गर्दै लगिनेछ ।

**ग) न्याय तथा मेलमिलाप**

२२१. न्यायमा पहुँच अभिबृद्धिका लागि सामुदायिक कानुनी घुम्ती शिविर सञ्चालन गरिनेछ। विद्यालय तहमा कानूनी साक्षरता कार्यक्रम कार्यान्वियन गर्न विद्यालयहरुसंग सहकार्य र समन्वय गरिने छ ।

२२२. मेलमिलाप कार्यसम्पादनको प्रभावकारीताको लागि मेलमिलापकर्ताको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२२३. विपन्न तथा सिमान्तकृत समुदायलक्षित न्यायिक तथा कानूनी परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

२२४. वडा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित, प्रभावकारी र समुदायको पहुँचमा जोड दिइनेछ।

**नगर सभाका सदस्यहरु,**

अन्त्यमा यस नगरसभामा उपस्थित हुनु हुने नगरपालिकाका उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । नगरपालिकाका सबै किसिमका कार्यक्रमहरु सफलरुपमा कार्यान्वयनमा सबैको साथ सहयोगको आवश्यकता पर्दछ । प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयन गरी सफल बनाउन यहाँहरुको सल्लाह सुझाब र मार्गदर्शन अपरिहार्य छ । तसर्थ यस नीति तथा कार्यक्रमलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याई सफल बनाउन यहाँहरुले सकारात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नेमा मैले आशा एवम् विश्वास लिएको छु ।

धन्यवाद !

**शशी कुमार खनिया**
**प्रमुख**
**खैरहनी नगरपालिका**

**मिति २०८२।०३।१० गते मंगलबार ।**

खैरहनी नगरपालिकाको १७ औं नगरसभा २०८२ असार १० गते
नगर उप-प्रमुख **श्री कविता उप्रेतीज्यू**ले पेश गर्नु भएको

# आर्थिक वर्ष २०८२/८३ को
# राजश्व र व्ययको अनुमान
# (बजेट)

**खैरहनी नगरपालिका**
**चितवन जिल्ला**
**बागमती प्रदेश**
**२०८२**

२

# आ. व. २०८२/८३ को बजेट वक्तव्य

**गरीमामय नगरसभाका सभाध्यक्षज्यू,**
**वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु,**
**नगरसभाका सचिव, कर्मचारी मित्रहरु, सञ्चारकर्मी मित्रहरुमा**
**मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक नमस्कार।**

१. खैरहनी नगरपालिकाको गरीमामय नगरसभाको सत्रौं अधिवेशनमा नगरको उपप्रमुखको रूपमा आगामी आर्थिक वर्ष २०८२/८३ को राजश्व, आय र व्यय अनुमान सहितको बजेट वक्तव्य प्रस्तुत गर्न गइरहेको छु।

२. यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। त्यस्ता किसिमका आन्दोलनको नेतृत्व गर्नु हुने अग्रजहरू प्रति सम्मान व्यक्त गर्दछु।

३. खैरहनी नगरपालिकाको स्थापना र संस्थागत सुदृढिकरणको लागि योगदान गर्ने सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

४. नगरवासीका विकासका आवश्यकता र आकांक्षाको सम्बोधन गर्न उपलब्ध स्रोत र साधनको दिगो र सन्तुलित रुपमा उयपोग गरी विकास प्रक्रियालाई अगाडि बढाउनु पर्नेछ। आगामी वर्षको बजेट आर्थिक क्षेत्रमा देखिएका चुनौतीको सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने गरी केन्द्रित रहने तर्फ परिलक्षित हुनु पर्छ भन्नेमा हामी सजग छौं। नगरपालिकाको बजेटको ठुलो स्रोत केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदानहरू रहेको र आगामी वर्षको लागि केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदानको आकार घट्दै गएकोले पनि आगामी वर्षको लागि बजेट तर्जुमामा जटिलता थपिएको छ। उपलब्ध सीमित स्रोत साधनलाई अधिकतम उपयोग गरी सबै नगरवासीको जीवन रक्षा गर्ने, विभिन्न क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, स्वरोजगारको लागि अभिप्रेरित गर्ने, आर्थिक अवस्थाको पुनरुत्थान गर्दै विकासको गतिलाई अगाडि लैजाने गरी बजेट तर्जुमा गरिएको छ।

**सभाध्यक्षज्यू ,**

**अब म आ. व. २०८२/८३ को आय र व्ययको प्रस्तावित बजेट तयार गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

५. यो बजेट निर्माण गर्दा नेपालको संविधान तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, संङ्घीय सरकारले अङ्गीकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरू, दिगो विकासका लक्ष्यहरू (सन् २०१६ देखि सन् २०३०), नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट, नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको दोश्रो आवधिक योजना, बागमती प्रदेशको आर्थिक वर्ष २०८२/८३ को बजेट, नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७५, खैरहनी नगरपालिकाको पहिलो आवधिक योजना, संङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरू, माननीय सांसदज्यूहरू, विभिन्न राजनैतिक दलहरू तथा सर्वसाधारणबाट प्राप्त सुझावहरू, विगत वर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका निर्णयहरू, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझावहरू, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण- २०८१/८२, लेखा परीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरूलाई आधार लिइएको छ ।

**सभाअध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका ५ उद्देश्य तथा ५ प्राथमिकता तथा ५ रणनीति र रुपान्तरणका क्षेत्रहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

६. **बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।**

क) उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको विवेकशील परिचालन गरी गुणस्तरीय, वातावरण संरक्षण केन्द्रित, दिगो र तिव्र पूर्वाधार विकास गर्ने ।

ख) सूचना प्रविधिको उपयोग सँगै रोजगारीका अवसर वृद्धि गर्दै, आर्थिक,सामाजिक र लैङ्गिक असमानता र गरीबी न्यूनीकरण गर्ने ।

ग) सवल स्थानीय सरकार समुन्नत नगरपालिका, सुखी नगरवासी, सवल र समृद्ध खैरहनी भन्ने नारालाई आत्मसात गर्दै सामाजिक, आर्थिक विकास र जलवायु परिवर्तन अनुकुलन पद्दतीको अबलम्बन मार्फत स्थानीय अर्थव्यवस्थालाई उत्थानशील, समुन्नत र स्वाधीन बनाउने ।

घ) चक्रिय र हरित अर्थतन्त्रमा आधारित जीवन पद्धतिलाई प्रोत्साहन गर्दै संरचनागत सुधार र बहुक्षेत्र सहकार्यमा विपद् व्यवस्थापनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउने।

ङ) आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय गराउने। पारदर्शिता र जवाफदेहिताका औजारहरूको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गर्ने।

**त्यस्तै गरी बजेटका ५ प्राथमिकता देहाय बमोजिम रहेका छन्।**

क) पूर्वाधार निर्माण, कृषि, सूचना प्रविधि, पर्यटन तथा उद्यमशिलता विकास

ख) रोजागार सृजना केन्द्रित कार्यक्रम

ग) शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई लगायत सामाजिक क्षेत्रको विकास,

घ) बहुक्षेत्र सहकार्य र समन्वयमा सुशासन प्रवर्धन

ङ) विपदजन्य जोखिम न्युनिकरण तथा सार्वजनिक सेवा प्रवाहमा सुधार।

बजेटको सबल कार्यान्यवनको लागी निरन्तर संस्थागत क्षमता विकास, संरचनागत र प्रणालीगत सुधार, बहुक्षेत्र सहकार्य र समन्वय, नागरिक संलग्नतमा सार्वजनिक नीतिको सह निर्माण र सेवाको सह उत्पादन गरी मुख्य ५ रणनीतिको अबलम्बन गरीने छ। पूर्वाधार विकास संगै गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, कृषि तथा पशुपालनको प्रवर्धन र उद्यमशीलता विकास, पर्यटन प्रवर्धन, नविन प्रविधिको उपयोगसंगै रोजगारी सृजनालाई खैरहनी नगरपालिकाको सर्वाङ्गिण विकासको रुपान्तरणकारी क्षेत्रका रुपमा अगाडि बढाइने छ।

**सभाध्यक्षज्यू ,**

**अब म खैरहनी नगरपालिकाको हालसम्मको भौतिक तथा अन्य तथ्याङ्कीय विवरणको विश्लेषण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

७. नगरपालिकाको समष्टिगत भौतिक पूर्वाधार तर्फ हालसम्म पक्की सडक ८१.९ कि.मी., ग्राभेल सडक ७७.४ कि.मी., माटे कच्ची सडक ५१.५० कि.मी., मोजायक टायल ८.४ कि.मी. गरी जम्मा २१९.२ कि.मी. सडक निर्माण भएको छ। आर.सि.सि. नाला ढलान ३७.१७ कि.मी., तट-बन्धन ४५.०१ कि.मि., कल्भर्ट ६४ वटा र पुल ५ वटा तयार भैसकेको छ।

८. स्वास्थ्य तर्फ नगर अस्पताल –१, स्वास्थ्य चौकी – ३, आधारभूत स्वास्थ्य केन्द्र-९, बर्थिङ्ग सेण्टर–१, खोप केन्द्र – १५ , निजी पोली क्लिनिक–४, निजी क्लिनिक संख्या -२० र मानसिक अस्पताल-१ रहेका छन्।

९. सामुदायिक विद्यालय -२७, संस्थागत विद्यालय -२१, मन्टेश्वरी -४, संस्थागत अटिजम विद्यालय -१, कलेज क्याम्पस -४ गरी ५७ शैक्षिक संस्था सञ्चालनमा रहेका छन। सो मध्ये सामुदायिक तर्फ ६

माध्यमिक विद्यालय र २१ आधारभूत विद्यालय तथा संस्थागत तर्फ १२ वटा माध्यमिक र ९ वटा आधारभूत तहका विद्यालय सञ्चालनमा रहेकाछन । खैरहनी नगरपालिकामा जम्मा १५७२९ विद्यार्थी विद्यालयमा अध्ययनरत छन् । सामुदायिक विद्यालयमा ३०० जना शिक्षक कर्मचारी विद्यालय तहमा कार्यरत छन ।

१०. खानेपानी तर्फ ९ वटा खानेपानी आयोजनाबाट करिब ८९ प्रतिशत घरधुरीलाई खानेपानी उपलब्ध भएको छ । समाजिक सुरक्षा भत्ताको वितरण लगायत सामाजिक न्याय प्रवर्धनका कार्यहरू र शासकीय सुधारको कार्य नियमित रुपमा सम्पादन भएको छ ।

**सभाध्यक्षज्यू,**

**अब म चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको संक्षिप्त समीक्षा प्रस्तुत गर्दछु :**

११. कृषकलाई अनुदानमा उन्नत धानको बिऊ, सहकारी संस्थाहरुलाई ट्र्याक्टर तथा अन्य उपकरण, च्याउ ढुवानी साधन, कृषि चुन, घाँसको बिऊ वितरण गरिएको छ ।

१२. किसान तपाइलाई के चाहिन्छ ? कार्यक्रम मार्फत ७२ वटा उपभोक्ता समिति मार्फत ४० वटा बोरिङ, १४ स्थानमा पाइप विस्तार, ७ वटा मोटर वितरण, ७ वटा कुलो मर्मत र ४ वटा बोरिङ मर्मत सम्पन्न भएको छ । कृषि योग्य जमिन नभएका विपन्न/भूमिहीन १३ जना कृषकलाई जग्गा भाडामा अनुदान प्रदान गरिएको छ ।

१३. कार्यक्रम सञ्चालनका क्रममा दरबन्दी कमी भएका विद्यालयमा ६८ जना स्वयं सेवक शिक्षकको व्यवस्थापन गरिएको, बाल-विकास सहजकर्ता र विद्यालय कर्मचारी ७६ जनालाई थप प्रोत्साहन भत्ता उपलब्ध गराइएको, १३ वटा सामुदायिक विद्यालयको कक्षा ८ र १० मा अतिरिक्त कक्षा व्यवस्थापन गरिएको, ३२ स्थानमा गृहकार्य कक्षा सञ्चालन गरिएको विषयगत नतिजाको आधारमा २ जना शिक्षकलाई पुरस्कृत गरिएको छ ।

१४. खैरहनी माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा निःशुल्क विज्ञान विषय अध्यापन गराइएको, सामुदायिक कलेजमा अध्ययनरत १३ जना छात्राहरुलाई उच्च शिक्षा छात्रवृत्ति वितरण गरिएको, संस्थागत विद्यालय तर्फ १० प्रतिशत छात्रवृतिको सुनिश्चितता गरिएको छ ।

१५. २५ सामुदायिक विद्यालयमा विद्यालय भौतिक सुधारका कार्यक्रम सञ्चालन गरिएको र कक्षा ४-८ को स्थानीय पाठ्यपुस्तक लेखन गरी छपाई गरिएको, १ विद्यालयमा विज्ञान प्रयोगशालाको कार्यक्रम सञ्चालन गरिएको छ ।

१६. संघीय एवम् प्रदेश सरकारको कार्यक्रमबाट १४८६ जना विद्यार्थीलाई सेनिटरी प्याड वितरण, ४३०६ जना विद्यार्थीलाई दिवा-खाजा व्यवस्थापन र ६८३८ जना विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण तथा १६४२ जना विद्यार्थीलाई आवासीय र गैर आवासीय छात्रवृति वितरण गरिएको छ ।

१७. चालु आ.व. मा खैरहनी नगर अस्पतालको नयाँ सुविधा सम्पन्न भवन निर्माण गर्ने कार्य तिव्र रुपमा अघि बढेको छ।

१८. कठार स्वाथ्य चौकीको नयाँ भवनको निर्माण सम्पन्न भई सेवा सुरु भईसकेको छ। खैरहनी नगर अस्पतालको भवन निर्माण अन्तिम चरणमा पुगेको छ भने आधारभूत स्वास्थ्य सेवा केन्द्र-०९ को भवन निर्माणको काम भइहेको छ। खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा निरन्तर रुपमा प्रवाह भइरहेको छ। खैरहनी नगर अस्पतालको आफ्नै एम्बुलेन्स सेवा सञ्चालन भइरहेको छ। खैरहनी नगर अस्पतालबाट विस्तारित स्वास्थ्य सेवा अन्तर्गत महिला तथा प्रसुती रोग बहिरङ्ग सेवा प्रत्येक बिहीबार, हाड-जोर्नी रोग बहिरङ्ग सेवा प्रत्येक मंगलबार र शुक्रबार, भिडियो एक्स-रे सेवा प्रत्येक बुधबार र शुक्रबार सञ्चालन भइरहेको छ।

१९. "बा आमा स्वास्थ्य कार्यक्रम " अन्तर्गत स्वास्थ्यकर्मीहरुद्वारा घर-घर गएर ३१४५ जना बा र ३६७२ जना आमा गरी जम्मा ६८१७ जना बा आमाहरुको स्वास्थ्य जाँच गरिएको छ।

२०. यस आ.व. मा उपचारमा आएका क्षयरोग बिरामीको संख्या ७१ र कुष्ठरोगी बिरामी संख्या ३ जना रहेको छ। नगरपालिकाले उच्चस्तरीय ए.आइ. प्रविधिमा आधारित रही क्षयरोग बिरामीको पहिचानको शिविर समेत सम्पन्न गरेको छ। क्षयरोग मुक्त नगरपालिका अभियान अन्तर्गत नगर-स्तरीय क्षयरोग मुक्त समिति र वडा स्तरीय समिति मार्फत विविध क्रियाकलाप सम्पन्न भइहेको छ।

२१. चालु आ.व. को वैशाख मसान्तसम्म खैरहनी नगर अस्पतालबाट ६४३७१ जना सहित नगरभरिका स्वास्थ्य संस्थाबाट जम्मा ११५००० जनालाई सेवा प्रदान गरिएको छ। यस अवधिमा निजी स्वास्थ्य संस्थाबाट सेवा लिने बिरामीको संख्या १४३५३ प्रतिवेदन पेश हुन आएको छ। यस अवधिसम्म ४२०० जना गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएको छ। किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन खोप अभियान अन्तर्गत २७५४ जना १०-१४ वर्षसम्म र कक्षा ६ देखि कक्षा १० सम्म पढ्ने किशोरीलाई HPV खोप प्रदान भएको छ। नगरपालिकाको पूर्ण खोपको अवस्थाको दिगोपना कायम गर्नका लागि सर्वेक्षण सम्पन्न गरी भेरिफिकेशनका लागि जनस्वास्थ्य कार्यालय पठाइएको छ।

२२. खैरहनी नगरपालिका र अन्य संघ संस्थाको सहकार्यमा विभिन्न वडामा नसर्ने रोग सम्बन्धी शिविर, क्यान्सर परीक्षण शिविर, आयुर्वेद शिविर , आँखा जाँच शिविर तथा दन्त शिविर सञ्चालन गरिएको छ। महामारी नियन्त्रणका लागि बासस्थान नष्ट गर्ने, पर्चा पम्पलेट वितरण ९००० पिस, टोल सरसफाइ लगायत कार्य भएको छ।

२३. चालु आ.व. को यस अवधिसम्म ८४ जना नगर बासीहरुलाई विपन्न नागरिक औषधी उपचार कार्यक्रम मार्फत नि:शुल्क उपचारको लागि सिफारिस गरिएको छ। १६ जना HIV बिरामी तथा डायलिसिस गर्ने बिरामी र १६१ जनालाई संघीय सरकारले क्यान्सर रोगी डायलिसिस गराउने बिरामी मिर्गौला प्रत्यारोपण गरेका बिरामी मेरुदण्ड पक्षघात भएका बिरामीलाई उपलब्ध गराउँदै आएको रकम मासिक रू ५,०००।- नियमित रूपमा भुक्तानी गरिएको छ।

२४. उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत ११३ जना गर्भवती महिलाहरुलाई नि:शुल्क पूर्व-प्रसूती सम्बन्धी आधारभूत प्रयोगशाला जाँच सेवा, १०० जनालाई नि:शुल्क भिडियो एक्स-रे सेवा र ५६ जनालाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ। यस अवधि भित्र नगर अस्पतालबाट ३६ जनाले सुरक्षित प्रसूती सेवा लिनु भएको छ भने ३८८ जनाले उत्तर प्रसुती सेवा प्रदान गरिएको छ।

२५. गत आ.व. सम्ममा खैरहनी नगरपालिका भित्र कालोपत्रे सडकको कुल लम्बाई ६८.२ कि.मी. रहेकोमा चालु आ.व. को वैशाख मसान्त सम्ममा ७९.२० कि.मी. पुगेको छ। ग्राभेल सडक गत आ.व. मा कुल ४९.१ कि.मी. रहेकोमा चालु आ.व. को वैशाख मसान्त सम्ममा ७७.४ कि.मी. पुगेको छ।

२६. यस चालु आ.व. मा स्वर्णतारा क्लबदेखि पुरानो पर्सा र खैरहनी चोक हुँदै रत्ननगर ३ सम्मको मेडियन सहितको सडक स्तरोन्नती कार्यको काम भइरहेको छ।

२७. कठार बजारमा उच्चस्तरीय सडक, वडा नं. ४ शिवालय चोकदेखि वडा कार्यालयसम्म, गर्जाको घरदेखि विन्दवासिनी टोलसम्म, वैरहनी तथा उन्नाटोल, गोठेश्वर सिद्धिपुर सडक र सिसहानी कुमरोज गवै सडक निर्माणको कार्यहरु अन्तिम चरणमा रहेका छन्।

२८. खैरहनी वडा नं. ६ स्थित छत्कूलीको घरदेखि नेपाल टेलिकम सम्म कालोपत्रे र वडा नं. १० मिलन-चोक देखि कठार वजारसम्म जाने बाटो ३५० मिटर सडक कालोपत्रे सम्पन्न भइसकेको छ। खैरहनी चोकदेखि बुडौली हुँदै सिसाहनी जाने सडकको दुवैतर्फ नालामा आर.सि.सि. ढकन राख्ने कार्य सम्पन्न भइसकेको छ।

२९. चालु आ.व. मा कठार स्वास्थ्य चौकीको काम सम्पन्न भई सेवा सञ्चालन भइसकेको छ।

३०. यसै वर्ष मात्र मगनी घोलको ७५० मिटर आर.सि.सि. तटबन्धन र खैरहनी चोक देखि कुमरोजसम्मको सडकको काम सम्पन्न भइसकेको छ।

३१. चालु आ.व. मा खैरहनी ६ र ८ मा रहेको बुढीराप्तीमा ब्यारेज सहित मोटर सञ्चालनको योजना, पानी सम्बन्धी खेलहरु सहितको बाल-उद्यान कार्यको निर्माण कम्पनी सँग सम्झौता भइसकेको छ भने खैरहनी वडा नं. ६ मा कवर्ड हल र चैनपुर चोकमा नगरपालिकाको स्वागत-द्वार निर्माणको कार्य सुरुवाती चरणमा रहेका छन्।

३२. चालु आर्थिक वर्षमा ४६० वटा सेन्सर सहित पोलबत्ती जडान र अन्य करिब ९०० वटा पोल बत्तीहरु मर्मत गरीएका छन्।

३३. राजस्व प्रणालीलाई सेवाग्राही मैत्री बनाउन अनलाइनको माध्यमबाट संसारको जुनसुकै कुनाबाट पनि नगरपालिकाको कर तिर्न सक्ने व्यवस्था गरिएको छ। यसै अवधि भित्र भुक्तानी गर्न Connect IPS, Khalti साथै Dynamic QR Code को सेवा थप गरिएको छ। वडा कार्यालयमा स्थायी कर्मचारीको व्यवस्थापन गरी राजस्व संकलन वडा कार्यालयबाट नै गर्ने व्यवस्था गरिएको छ।

३४. खैरहनी नगरपालिकाको सूचना तथा जानकारीहरु र विभिन्न सेवाका लागि मोबाइल एपको सुरुवात भइसकेको छ।

३५. न्यायिक समितिमा चालु आ.व. को वैशाख मसान्तसम्ममा १५६ उजुरी दर्ता भएका छन्। चालु आ.व.को वैशाख मसान्तसम्ममा दर्ता भएका उजुरीहरुमध्ये १०८ वटा विवाद समाधान भएका छन्। प्राप्त उजुरीहरुमा जग्गा साँधसिमाना विवाद, आर्थिक लेनदेन, श्रीमान श्रीमतीबीच विवाद, घर बहाल सम्बन्धी विवाद आदि प्रमुख रुपमा रहेका छन्।

३६. गत आर्थिक वर्षबाट अ.ल्या भएका र नयाँ दर्ता गरी जम्मा १७६ उजुरी न्यायिक समितिमा दर्ता भएकोमा जम्मा १२८ उजुरीहरू फर्छयौट भएका छन् १७ वटा उजुरी जिल्ला अदालतमा सिफारिस गरिएको छ। साथै ३१ वटा उजुरीहरू फछर्यौटको प्रक्रियामा रहेका छन्।

**सभाध्यक्षज्यू,**

**अब म विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।**

३७. नगरपालिकालाई विभिन्न स्रोतहरुबाट प्राप्त हुने अनुदान तथा राजस्व रकममा कमी आएकोले बजेटको आकार बढ्न सकेको छैन्। चालु आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षको लागि पनि वडालाई कुल १७ करोड २६ लाख बजेट विनियोजन गरिएकोमा सो रकम मध्य ८ करोड ६३ लाख सबै वडालाई समान रुपमा विभाजन गरी प्रत्येक वडालाई ६६ लाख ३८ हजार ४६१, बाँकी ८ करोड ६३ लाखलाई जनसङ्ख्या तर्फ ४० प्रतिशत, भूगोललाई ४० प्रतिशत, पिछडिएको क्षेत्रलाई १० प्रतिशत र राजस्व योगदानलाई १० प्रतिशत भार दिई बजेट विनियोजन गरिएको छ। यसरी बजेट विनियोजन गर्दा सबैभन्दा बढी रकम विनियोजन हुने वडामा १ करोड ६३ लाख ३४ हजार र सबभन्दा कम रकम विनियोजन हुने वडामा १ करोड १२ लाख ६ हजार विनियोजन भएको छ।

३८. त्यस्तै गरी कुल विकास बजेटलाई पूर्वाधार विकासमा र प्रवर्द्धनात्मक कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाइएको छ। लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन होस् भन्ने हेतुले कुल विकास बजेटबाट उचित संबोधन गरिएको छ। बजेट विनियोजन गर्दा धेरै योजना साना टुक्रामा विभाजन नहुन् भन्ने उद्देश्यले प्रत्येक वडाले ४० लाखसम्मका पूर्वाधार तर्फका कम्तीमा ३ वटा योजना छनौट गर्नु पर्ने र संघ तथा प्रदेश मार्फत समपूरक अनुदानका योजनाहरु परेका वडाहरुले कम्तिमा ३० लाख रुपैया समपूरक योगदान व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ।

३९. आर्थिक विकास क्षेत्र तर्फ कुल विकास बजेटको १२ दशमलव १८ प्रतिशत, सामाजिक विकास तर्फ ३४ दशमलव ५८ प्रतिशत, पूर्वाधार विकास तर्फ ३६ दशमलव ७८ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ ११ दशमलव ८८ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फ २ दशमलव ३३ प्रतिशत र विभिन्न कोषहरुमा २ दशमलव २५ प्रतिशत विनियोजन गरिएको छ।

४०. २०८२ जेष्ठ मसान्त सम्मको चालु खर्च रकम रु. ३५ करोड १२ लाख ४० हजार रहेको छ, जुन अनुमानित रकमको ६७ दशमलव ७३ प्रतिशत रहेको छ। पुँजीगत बजेट खर्च रकम रु.३७ करोड ३२ हजार रहेको छ, जुन अनुमानित रकमको ६२ दशमलव १९ प्रतिशत रहेको छ।

४१. देशको वर्तमान आर्थिक अवस्थामा श्रोत साधनमा आएको संकुचनले गर्दा सीमित स्रोतसाधनलाई सन्तुलित रुपमा व्यवस्थापन गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्को तर्फ विकास निर्माणमा बढदो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता हामी माझ विद्यमान छ। यद्यपी नगरवासीहरुको हित, सुविधा र विकासका अपेक्षाहरुलाई समेट्ने गरी कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केही अनुभूति योग्य कार्य गर्ने प्रयास गरिएको छ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आ.व. २०८२/८३ को वार्षिक बजेट तयार गर्दा प्राथमिकताका आधारमा विनियोजन गरिएको केही क्षेत्रगत कार्यक्रम र त्यस्ता कार्यक्रम सञ्चालन गर्न बिनियोजीत बजेट प्रस्तुत गर्दछु :**

## क) कृषि विकास

४२. "किसान तपाइलाई के चाहिन्छ कार्यक्रम अन्तरगत" सिंचाई कार्यक्रम सञ्चालन (बोरिङ निर्माण तथा कुलो मर्मत) रु.३० लाख र खैरहनी नगरपालिका १ देखि १३ वडामा विभिन्न ठाउँमा खाद्य संकट हुन नदिन सिंचाई योजना सञ्चालनको लागी १२५ लाख गरी कुल १ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

४३. एक वडा एक कृषि सहकारी कृषि कार्यक्रम अन्तरगत कृषि सहकारी संस्थालाई मेसिन/उपकरण अनुदान कार्यक्रमको लागि ५० लाख रकम विनियोजन गरिएको छ।

४४. जैविक सामाग्री, विषादी तथा जैविक उत्पादन र गड्यौले मल उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि ३० लाख विनियोजन गरिएको छ।

४५. जग्गा नभएका कृषि पेशा गर्न ईच्छुक विपन्न/भूमिहीन किसानलाई जग्गा भाडामा अनुदान कार्यक्रमको लागि १० लाख रकम विनियोजन गरिएको छ।

४६. बैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रमका लागि रु. ५ लाख रकम विनियोजन गरिएको छ।

४७. सामुदायिक वनको सहकार्यमा प्राङ्गारिक मल उत्पादन कार्यक्रम र नमुना प्राङ्गरिक फार्म स्थापना कार्यक्रमको लागि रु.२० लाख बजेट विनियोजन गरिएको छ।

४८. मकै वालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालनको लागि रु.१२ लाख रुपैया विनियोजन गरिएको छ।

४९. धान, गहुँ, प्याज र मसलाबारी प्रवर्द्धन कार्यक्रमका लागि रु.१५ लाख ७५ हजार विनियोजन गरिएको छ।

***कृषि विकास कार्यक्रम सञ्चालनका लागि रु. ३ करोड ९३ लाख  रकम विनियोजन गरिएको छ।***

**पशु विकास कार्यक्रम :**

५०. सरुवा संक्रामक रोगको रोकथामको लागि औषधी तथा भ्याक्सिन खरिद र घरदैलोमा भ्याक्सिन लगाउने कार्यक्रमको लागि रु. ११ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ।

५१. दुग्ध उत्पादक सहकारी संस्थालाई विविध उपकरण र यान्त्रीकरण वितरणका लागि रु. १० लाख विनियोजन गरिएको छ।

५२. सामुदायिक कुकुर बन्ध्याकरणका लागि रु.७ लाख विनियोजन गरिएको छ।

५३. पशुपालक कृषकहरुलाई काउम्याट खरिदका लागि रु.१० लाख विनियोजन गरिएको छ।

५४. पशुपालन प्रवर्धन र मत्स्यपालन कार्यक्रममा लागि रु. ४४ लाख रुपैया विनियोजन गरिएको छ।

५५. उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यको लागि रु १ करोड ६७ लाख रुपैया विनियोजन गरिएको छ।

**५६. *पशु विकास कार्यक्रम सञ्चालनको लागि कूल रु. ३ करोड ३० लाख  रकम विनियोजन गरिएको छ।***

**ख. उद्योग तथा वाणिज्य :**

५६. उद्यम विकास कार्यक्रम तथा नगरबाट संचालित विभिन्न शीर्षकको तालिमको उपलब्धिलाई संरक्षण गर्नको लागि रु. १५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

५७. आन्तरिक रोजगारी सिर्जना, प्रवर्द्धनका लागि रु. १४ लाख ७२ हजार विनियोजन गरिएको छ।

***उद्योग, व्यवसाय शाखा तर्फ जम्मा ४१ लाख रुपैयाँ विनियोजन गरिएको छ।***

**ग) पर्यटन विकास :**

***पर्यटन विकास तर्फ रु. ३० लाख रुपैयाँ विनियोजन गरिएको छ।***

***आर्थिक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. १२ करोड ६४ लाख विनियोजन गरिएको छ।***

**सभाध्यक्षज्यू,**

**अब म सामाजिक विकास क्षेत्रतर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**क) शिक्षा, युवा तथा खेलकुद :**

५८. शिक्षक बालविकास सहजकर्ता विद्यालय कर्मचारीको तलव वापत संघीय सशर्त अनुदानबाट १६ करोड ४७ लाख ९० हजार विनियोजन गरिएको छ।

५९. युवा स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि ७७ लाख विनियोजन गरिएको छ।

६०. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि थप प्रोत्साहन वापत ७१ लाख ५ हजार विनियोजन गरिएको छ।

६१. कक्षागत र विषयगत रुपमा उच्च प्रतिशत मूल्याङ्कन प्राप्त गर्न सफल शिक्षकलाई वर्ग विभाजन गरी पुरस्कृत गर्न ८ लाख विनियोजन गरिएको छ।

६२. विद्यालय भौतिक सुधार कार्यक्रमका लागि ४३ लाख विनियोजन गरिएको छ।

६३. खैरहनी मा.वि. मा विज्ञान संकाय सञ्चालनका लागि ३० लाख विनियोजन गरिएको छ।

६४. विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि १५ लाख ७५ हजार विनियोजन गरिएको छ।

६५. गृहकार्य कक्षा सञ्चालनका लागि १० लाख विनियोजन गरिएको छ।

६६. Six to Six कार्यक्रम अन्तर्गत कक्षा ८ र १० मा अतिरिक्त कक्षा सञ्चालन गर्न २५ लाख विनियोजन गरिएको छ।

६७. विद्यालय सुधार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न ७ लाख विनियोजन गरिएको छ।

६८. प्रदेश सरकारसंगको सहकार्यमा आवासिय छात्रावास निर्माण गर्न २० लाख विनियोजन गरिएको छ।

६९. विद्यालयमा खेलकुद सामाग्री व्यवस्थापन र अतिरिक्त क्रियाकलापको कार्यक्रम सञ्चालन गर्न ९ लाख ५५ हजार विनियोजन गरिएको छ।

७०. नगरपालिका तथा सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षामा स्मार्ट वोर्ड खरिद एवम वितरणका लागि २६ लाख विनियोजन गरिएको छ।

७१. सामुदायिक विद्यालयमा करेसाबारी निर्माण एवम हरित विद्यालय कार्यक्रम सञ्चालनका लागि ३ लाख ६५ हजार विनियोजन गरिएको छ।

७२. विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरण गर्न १६ लाख ७३ हजार, सेनिटरी प्याड वितरण गर्न १४ लाख ५१ हजार, निःशुल्क पाठ्यपुस्तक वितरण गर्न ४४ लाख ८९ हजार, दिवाखाजा कार्यक्रम सञ्चालन गर्न १ करोड ५४ लाख ८४ हजार, विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि १५ लाख, शैक्षिक सुशासन तथा संस्थागत क्षमता विकासका लागि ९ लाख ४३ हजार, विपन्न लक्षित छात्रवृत्तिका लागि २८ लाख ७८ हजार, शैक्षिक पहुँच सुनिश्चितताका लागि १० लाख ५ हजार रकम विनियोजन गरिएको छ।

७३. नगर तथा वडास्तरीय विभिन्न खेलकुद गतिविधिका लागि रकम रु.६३ लाख विनियोजन गरिएको छ।

७४. खेलाडीका लागि विमा, पोशाक , प्रशिक्षण तथा नगर खेलकुद विकास समिती व्यवस्थापनका लागि कुल रकम रु. १२ लाख विनियोजन गरिएको छ।

***शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ जम्मा २४ करोड ३७ लाख रुपैयाँ विनियोजन गरिएको छ।***

**ख) स्वास्थ्य सेवा :**

७५. निःशुल्क औषधी खरिद गरी स्वास्थ्य संस्थाहरु मार्फत वितरण गर्नका लागि जम्मा रकम रु ३४ लाख ६५ हजार विनियोजन गरिएको छ।

७६. विपन्न परिवारका बालबालिकाको लागि एक गिलास दुध एक अन्डा अनुदानका लागि पोषण भत्ता वितरण तथा विविध पोषण कार्यक्रम सञ्चालन गर्नका लागि गर्न कुल रकम रु. २५ लाख ६८ हजार रकम विनियोजन गरिएको छ।

७७. विपन्न नागरिक, मिर्गौला रोग, कलेजो सिरोसिस बिरामीहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्धता वृद्धि गर्नका लागि नयाँ लाभग्राही तथा विशेष अवस्थामा नवीकरण समेत गर्ने गरी जम्मा रकम रु. ८ लाख ५० हजार विनियोजन गरिएको छ।

७८. बा आमा स्वास्थ्य कार्यक्रमलाई सामाजिक सुरक्षा सँग आबद्ध गरी निरन्तर रुपमा सञ्चालन गर्नका लागि रु ९ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

७९. उप प्रमुखसंग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम विस्तार, समुदाय स्तरमा निःशुल्क भिडियो एक्सरे सेवा सञ्चालनका लागि ३ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

८०. मातृ तथा नवजात शिशु कार्यक्रम अन्तरगत २४ घन्टे प्रसूती सेवा, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, नवजात शिशुको निःशुल्क उपचार सेवाको लागि १५ लाख ६७ हजार रकम विनियोजन गरिएको छ।

८१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्नका लागि जम्मा रकम रु १८ लाख विनियोजन गरिएको छ।

८२. खैरहनी नगर अस्पताल खैरहनीमा सेवा सुदृढीकरणको लागि रु. २० लाख , कुमरोज स्वास्थ्य चौकीमा पूर्वाधार विकासको लागि रु. १० लाख सहित स्वास्थ्य संस्थाहरुमा भौतिक तथा प्राविधिक पूर्वाधार विकासको लागि कुल रकम रु. ७८ लाख ५० हजार विनियोजन गरिएको छ।

८३. मिर्गौला रोगी, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात, एच् आई भी संक्रमित बिरामीलाई मासिक उपचार खर्च तथा विपन्न नागरिक उपचार सहयोग तथा निःशुल्क रगत अनुदानका लागि कुल रकम रु. ७७ लाख ९० हजार विनियोजन गरिएको छ।

८४. समुदाय स्तरमा सर्ने तथा नसर्ने रोग , मानसिक स्वास्थ्य प्रवर्धन, समुदाय स्वास्थ्य कार्यक्रम नियमित सञ्चालन, स्वास्थ्य विपद् तथा माहामरी नियन्त्रणका लागि कुल रकम रु. १५ लाख ६० हजार विनियोजन गरिएको छ।

८५. वैकल्पिक चिकित्सा तथा आयुर्वेद सेवा सञ्चालन एवं वडा स्तरसम्म नागरिक आरोग्य केन्द्र सञ्चालन गर्नका लागि कुल रकम रु ७ लाख ५० हजार विनियोजन गरिएको छ।

८६. वडा कार्यालय तथा स्वास्थ्य संस्था मार्फत स्वास्थ्य कार्यक्रम सञ्चालन तथा स्वास्थ्य संस्थाहरुको कार्यालय सञ्चालन खर्च समेत गरी कुल रकम रु. २२ लाख विनियोजन गरिएको छ।

**खैरहनी नगरपालिका भित्र आधुनिक तथा वैकल्पिक चिकित्सा सेवा सहित स्वास्थ्य पूर्वाधार विकास, जनशक्ती व्यवस्थापन, सर्ने तथा नसर्ने रोग, महामारी नियन्त्रण सहितको कार्यक्रम सञ्चालन गर्नका लागि स्वास्थ्य सेवा अन्तरगत कुल रकम रु. ६ करोड ३५ लाख विनियोजन गरिएको छ।**

**ग) लक्षित समुह विकास :**

८७. नगरपालिकाभित्र बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गर्नका लागि जम्मा रकम रु ५५ लाख विनियोजन गरिएको छ।

८८. आमा समुहका महिलाहरु, अपाङगता भएका व्यावसायिक वा अन्य महिलाहरुलाई आय आयआर्जनमूलक उद्यम व्यवसायसम्बन्धी सैद्धान्तिक र व्यवहारिक क्षमता विकास र बालबालिकाहरुलाई जीवनउपयोगिता तालिम सञ्चालनका लागि रु ६ लाख विनियोजन गरिएको छ।

८९. महिला कर्मचारी तथा जनप्रतिनिधिहरूको लागि मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्नका लागि २ लाख विनियोजन गरिएको छ।

९०. नगरस्तरिय जेष्ठ नागरिक समिति गठन एवंम अन्तरपुस्ता हस्तान्तरण सम्बन्धी कार्यक्रम (२ दिने) कार्यक्रम सञ्चालनका लागि २ लाख विनियोजन गरिएको छ।

९१. लैङ्गिक हिंसा निवारण कोष तथा बालकोष स्थापनका लागि जम्मा रकम रु २ लाख विनियोजन गरिएको छ।

९२. दिवसीय कार्यक्रम सञ्चालन , अपाङ्ग परिचय पत्र वितरण , सहकारी समितीको बैठक समेत गरी कार्यालय सञ्चालन खर्च तर्फ रु ८ लाख विनियोजन गरिएको छ।

९३. अपाङ्ग भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम सञ्चालनका लागि रु ३ लाख विनियोजन गरिएको छ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालनको लागि जम्मा ७७ लाख रकम विनियोजन गरिएको छ।**

**घ) गरीबी निवारण/रोजगार सृजना तथा उद्यम विकास कार्यक्रम :**

९४. SAMI कार्यक्रम सञ्चालनको लागि रु.३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

९५. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ३६ लाख रकम विनियोजन गरिएको छ।

९६. आन्तरिक रोजगारी सृजना तथा प्रवर्द्धन क्रियाकलाप सञ्चालनको लागि रु.१४ लाख ७२ हजार विनियोजन गरिएको छ।

***गरीबी निवारण/ रोजगार सिर्जना तथा उद्यम विकास कार्यक्रमका लागि ३१ लाख रकम विनियोजन गरिएको छ।***

***सामाजिक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ३५ करोड ८९ लाख ७३ हजार रकम विनियोजन गरिएको छ।***

**सभाध्यक्षज्यू,**

**अब म पूर्वाधार क्षेत्र तर्फका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**क) पूर्वाधार विकास :**

**नगर गौरवका योजनाहरु:**

९७. आर्थिक वर्ष २०८१/८२ मा कार्यसम्पादन भईरहेका नगर गौरवका योजनाहरू अन्तर्गत नगरको सौन्दर्यकरण, पूर्वाधार विकास तथा सामुदायिक सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले सो योजनाहरुलाई आर्थिक वर्ष २०८२/८३ मा निरन्तर गरिएको छ। चैनपुर चोकमा नगरको पहिचान झल्काउने गरी आकर्षक गेट निर्माण, खैरहनी नगरभित्र बहुउद्देश्यीय खेलकुद र अन्य कार्यक्रम सञ्चालन गर्न सकिने कवर्ड हल निर्माण, बालबालिकामैत्री पूर्वाधार विकासलाई प्रोत्साहन गर्न वडा नं. ६ मा निर्माण गरिएको बालउद्यानमा थप संरचना र सुविधाहरू निर्माण गर्न बालउद्यान विस्तार र बाढी नियन्त्रण, जलस्रोतको व्यवस्थापन र पर्यटकीय सम्भावना विकास गर्ने लक्ष्यका साथ डिज्नी पार्क नजिकै बुढीराप्ती खोलामा ब्यारेज निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९८. वडा नं. ६ स्वर्णतारा क्लब, पुरानो पर्सा हुँदै मझुई बाटो नाला सहितको सडक स्तरोन्तीको लागि रकम रु.१ करोड ९७ लाख विनियोजन गरिएको छ।

९९. संघीय सरकारबाट विनियोजन भई आएका समपूरक तर्फका आयोजनाहरुमा खैरहनी पुरानो पर्सा–मझुई–शान्तिबजार सडक, ज्यामीरे चोक–सिमलघारी–कंकाली मार्ग, विनदबासीनी चोक–वडा नं. ४ कार्यालय सडक, मगनी खैरहनी ८–धुसरी लदरी खोला–उनान्टोल चौविसकोठी सडक, सिमलटाडी–राप्ती नगरपालिका सीमा सडक, लालटिन बजार–सुर्तना–बडगाउँ सडक, खैरहनी शान्तिबजार–कठारबजार–राप्ती खोला मार्ग, सिसहानी–कुमरोज–गवै–हर्नरी हात्ती काउन्टर सडक, बुढौली चोक–गौवा सडक, वडा नं. ५ कार्यालय–वडा नं. १ ज्यामीरे सडक, वडा नं. ११ कार्यालय अगाडिको सडक, वडगाउँ–कपिया सडक, बैरहनी–उत्तर सडकजस्ता विभिन्न स्थानका अधुरा नाला निर्माण तथा सडक स्तरोन्नती कार्यहरू सम्पन्न गर्न कुल ७ करोड ९५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

१००. समपूरक तर्फका आयोजनाहरुमा बुढौली–खैरहनी–५ हुँदै १३ गौवा–गवै हुँदै कुमरोज–भोलाचोक–सिसेनी चोक सडक स्तरोन्नती कार्यहरू वडा नं. ५, १२ र १३, विन्दबासीनी दराई बस्तीदेखि वडा नं. ४

कार्यालय हुँदै गैडे आहाल सडक स्तरोन्नती वडा नं. २, ३ र ४, साथै वडा नं. ८ मगनी गाउँदेखि धुसेरी लदरी पुल हुँदै उनान्टोल सम्म नाला सहितको बाटो स्तरोन्नती वडा नं. ८ र ३ मा गरी कुल ५ करोड १० लाख रुपैयाँको बजेट विनियोजन गरिएको छ।

१०१. खाद्य संकट कम गर्न जनकपुर सुल्तना जनएकता कंकाली र मझुई सिंचाई कुलो निर्माणका लागि ६५ लाख रुपैया विनियोजन गरिएको छ।

१०२. वडा नं. ११ मा गैडा चोकदेखि मानसिक पुनःस्थापना केन्द्र हुँदै पश्चिमतर्फ सोहनपुरसम्मको १ कि.मी. कालोपत्रे सडक स्तरोन्नति, वडा नं. २ मा रामकोला फाँटदेखि शाही चोकसम्मको सडक निर्माण, वडा नं. ४ मा हरिबहादुर चोकदेखि दक्षिण कार्की टोलसम्मको सडक स्तरोन्नति, वडा नं. ५ मा टाइमपास चोकदेखि च्यान्टा चोक हुँदै अर्ना वियर चोकसम्मको सडक स्तरोन्नति तथा वडा नं. २ मा चैनपुर टोल र हंसेश्वर टोल सिमानामा चिउरी सानो खोलामा मोटरेबल पुल निर्माणका लागि कुल १ करोड ८५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

१०३. ५०/५० को अवधारणा अनुसार पीच निर्माण, सोलार मर्मत गर्ने आयोजनाका लागि ५० लाख रुपैया विनियोजन गरिएको छ।

१०४. पर्यटन प्रवर्द्धन तथा पर्यटन पूर्वाधार निर्माणका लागि ३० लाख बजेट विनियोजन गरिएको छ।

१०५. धुसरी जलाशय संरक्षण कार्यका लागि रू. १८ लाख विनियोजन गरिएको छ।

१०६. खैरहनी–१० देवीथान टोलमा अर्जुन भुजेलको घरदेखि दक्षिणतर्फको बाटो तथा नाला निर्माणका लागि रू. १५ लाख विनियोजन गरिएको छ।

१०७. उनान्टोल हुँदै गजुरेल टोलसम्मको बाटोमा ओभरले कार्य गर्न रू. २५ लाख विनियोज गरिएको छ।

१०८. खैरहनी–४ शिवालय चोक क्षेत्रको बाटो ढलानका लागि रू. २० लाख विनियोजन गरिएको छ।

१०९. खैरहनी–५ विश्व विजय मार्ग सुधारका लागि पनि रू. २० लाख विनियोजन गरिएको छ।

११०. खैरहनी २ र ८ वडाको बीच बेकरी मार्ग निर्माणका लागि रू. ५० लाख विनियोजन गरिएको छ।

१११. वडा नं. ६ नगरपालिका कार्यालयदेखि वडा नं. ७ कार्यालयसम्मको बाटो स्तरोन्नती कार्यका लागि रू. ४० लाख विनियोजन गरिएको छ।

११२. लामा ढिक वडा नं. १३ स्थित अधुरो बाटो ढलान कार्य सम्पन्न गर्न रू. ३० लाख विनियोज गरिएको छ।

११३. कपिया स्कुलदेखि दराई होमस्टेसम्म जाने वडा नं. १२ को अधुरो बाटो निर्माणका लागि रू. ३० लाख विनियोजन गरिएको छ।

११४. खैरहनी–३ क्याम्पाबाट आर्मी ब्यारेकतर्फ जाने बाटो सुधारका लागि रू. ३० लाख विनियोजन गरिएको छ।

११५. वडा नं. ४ को वडा कार्यालयबाट गैडे आहालतर्फ जाने बाटो स्तरोन्नती गर्न रू. ४० लाख विनियोजन गरिएको छ।

११६. मिलन चोकदेखि गौचरणसम्म वडा नं. ७ को बाटो ढलानका लागि रू. २० लाख विनियोजन गरिएको छ।

११७. धरमपुर मुलगाउँको बाटो स्तरोन्नतीका लागि रू. १५ लाख विनियोजन गरिएको छ।

**वडागत तर्फ**

११८. वडा नं.१ नवदुर्गा बहेरा चोकबाट चित्रा टोलसम्मको बाटो पिच, खनाल पोल्ट्री अगाडिको बाटो स्तरोन्नती, वडा कार्यालय अगाडि ओभरल्याप, कंकाली मा.वि. भवन निर्माण तथा समपूरक साझेदारी कार्यक्रम सहित पूर्वाधार विकासमा रु.७२ लाख विनियोजन गरिएको छ।

११९. वडा नं. २ स्थानीय विकास कोष, समपूरक साझेदारी, वडा कार्यालय रिङ रोड स्तरोन्नती, काशीगाउँ जुना डल्लाकोटी टोलको सडक सुधार लगायतका योजनामा रु.७५ लाख विनियोजन गरिएको छ।

१२०. वडा न. ३ मा समपूरक साझेदारी कार्यक्रम, छिम्केश्वरी जाने बाटोमा कल्भर्ट निर्माण र बुद्ध शान्ति खानेपानी ट्याङ्की अगाडी बाटो कालोपत्रेका लागि रकम रु.५९ लाख विनियोजन गरिएको छ।

१२१. वडा नं. ३ अन्तर्गत विभिन्न बाटोहरु ढलान कार्यको लागि रकम रु.४२ लाख ५० हजार विनियोजन गरिएको छ।

१२२. वडा नं. ४ समपूरक साझेदारी कार्यक्रम, भिम खोले टोल पिच, बियर फ्याक्ट्री जाने बाटो, चियाँन डाडा लगायतका अन्य बाटोहरु ढलानका योजनामा रु.६० लाख बराबरको पूर्वाधार विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ।

१२३. वडा नं. ५ अन्तर्गत विभिन्न बाटोहरु ढलान र पचरती कुलो लाइनिङका लागि रु. ५२ लाखका विभिन्न पूर्वाधारका योजनाहरु को लागि बजेट विनियोजन गरिएको छ।

१२४. वडा नं. ६ खै.मा.वि. बालकक्षा निर्माण (१५ लाख) तथा समपूरक साझेदारी सहितका पूर्वाधार योजनाहरु गरी कुल रु.४५ लाख बजेट विनियोजन गरिएको छ।

१२५. वडा नं. ७ कतारी टोल कालोपत्रे, चारघरे र कतारी टोल कुलो लाइनिङ्ग, समपूरक साझेदारी लगायतका योजनाहरुमा कुल रु.५३ लाख बजेट विनियोजन गरिएको छ।

१२६. वडा नं.८ छत्रीमार्ग निर्माण, वडा भरिका ढलान सडक, समपूरक अनुदान योजनाहरु समावेश गर्दिँदै कुल रु.५० लाख बजेट विनियोजन गरिएको छ।

१२७. वडा नं.९ बस्यौली ब्रह्मस्थानी, भिमला दरै टोल, बैरहनी टोल लगायतका ढलान तथा नाला योजनाहरु तथा समपूरक सहभागिता सहित कुल रु.७६ लाख को बजेट विनियोजन गरिएको छ।

१२८. वडा नं.१० कुशहना ट्रान्सफर मार्ग पिच, मंगल-रामलाल टोल बाटो ढलान, श्रीकृष्ण टोल ढलान, अमृत

कुलो लाइनिङ्ग तथा समपूरक साझेदारी सहित कुल रु.१ करोड बजेट विनियोजन गरिएको छ ।

१२९. वडा नं.११ अन्तर्गत हरियाली पार्क निर्माण, हरी खड्काको घरदेखि ड्याक जोड्ने कल्भर्ट निर्माण र पिद्रहनी सडक कालोपत्रे योजना समावेश गरिँदै कुल रु. ६० लाख बजेट विनियोजन गरिएको छ।

१३०. वडा नं.१२ जनकपुर कुलो लाइनिङ तथा कुमरोज क्लबबाट दक्षिण बाटो ढलान, बैद्यनाथ टोल बाटो ढलान आदी कार्यहरुको लागि रु.४८ लाख बजेट विनियोजन गरिएको छ ।

१३१. वडा नं. १३ को सिम्रेनी नाला तथा स्ल्याब निर्माण, जेठाको घरदेखि हर्नरी स्कुलतर्फ नाला निर्माण, लामढिकबाट पश्चिमतर्फ जाने बाटोमा नाला निर्माण समेत गरी विभिन्न पूर्वाधारका योजनाहरूमा सहित कुल रु.५२ लाख विनियोजन गरिएको छ ।

**पूर्वाधार क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ३८ करोड १७ लाख ५८ हजार रकम विनियोजन गरिएको छ ।**

**सभाध्यक्षज्यू,**

**अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१३२. वातावरण तथा विपद व्यवस्थापन कार्यक्रमको लागि रु.१ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

१३३. हरियाली प्रवर्द्धनको लागि वृक्षारोपण कार्यक्रमको लागि रु.४ लाख रुपैया विनियोजन गरिएको छ।

१३४. वातावरण संरक्षण क्रियाकलापहरुका लागि रु.२३ लाख विनियोजन गरिएको छ ।

१३५. नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापनको लागि Dustbin खरिद,वितरण तथा व्यवस्थापन लागि रु.११ लाख रुपैया विनियोजन गरिएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु.१ करोड ७५ लाख रकम विनियोजन गरिएको छ ।**

**सभाध्यक्षज्यू,**

**अब म सुशासन तथा संस्थागत विकास क्षेत्रतर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**सुशासन तथा संस्थागत विकास :**

१३६. सेवा प्रवाहको प्रभावकारिता, नागरिकको सेवाप्रतिको सन्तुष्टि मापनको लागि सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र  आय व्यय प्रक्षेपण कार्यक्रम सञ्चालनका लागि रु. ११ लाख २५ हजार बजेट विनियोजन गरिएको छ ।

१३७. उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुको क्षमता विकास गर्न सार्वजनिक खरिद, कर प्रणाली आदिको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नको लागि रु.१० लाख रकम विनियोजन गरिएको छ।

१३८. कर्मचारी कल्याण कोषमा जम्मा गर्न रु.१५ लाख रकम विनियोजन गरिएको छ।

१३९. पदाधिकारी तथा कर्मचारीको सीप तथा क्षमता विकासका लागि रु.८ लाख रकम विनियोजन गरिएको छ।

**न्याय तथा मेलमिलाप :**

१४०. न्यायीक तथा मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि रु.२१ लाख ४० हजार विनियोजन गरिएको छ।

१४१. मेलमिलाप सम्बन्धी Advance Trए.आइ.ning को लागि रु.३ लाख रुपैयाँ विनियोजन गरिएको छ।

१४२. विद्यालय केन्द्रित कानूनी साक्षरता सचेतना कार्यक्रम रु.५ लाख विनियोजन गरिएको छ।

१४३. न्यायमा पहुँच अभिवृद्धिका लागि समुदायमा केन्द्रित कानुनी घुम्ति शिविरका लागि रु.५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

***न्यायीक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ४० लाख रुपैयाँ विनियोजन गरिएको छ।***

**सूचना प्रविधि विकास :**

१४४. नगरभित्र सिसिटिभी जडान गर्नको लागि रु.१७ लाख रुपैयाँ विनियोजन गरिएको छ।

१४५. सूचना प्रविधि सम्बन्धी विभिन्न उपकरण खरिदका लागि रु.८ लाख विनियोजन गरिएको छ।

१४६. सार्वजनिक स्थलहरुमा Free-WiFi कार्यक्रमका लागि रु.२ लाख विनियोजन गरिएको छ।

१४७. QR सहितको युनिक घर नम्बरका लागि रु.७ लाख विनियोजन गरिएको छ।

१४८. सफ्टवेयर जडान तथा अद्यावधिक लागि रु.१० लाख रुपैयाँ विनियोजन गरिएको छ।

***सूचना, प्रविधि र तथ्याङ्क क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा ५० लाख रुपैयाँ विनियोजन गरिएको छ।***

***समग्रमा* सुशासन तथा संस्थागत विकास क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालनका लागि जम्मा रु. २ करोड ४२ लाख रकम विनियोजन गरिएको छ।**

**सभाध्यक्षज्यू,**

**अब म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**आ.व. २०८०/८१ को यथार्थ विवरण :**

१४९. आ.व. २०८०/८१ मा कुल आय रु. ९६ करोड ७४ लाख ८९ हजार मध्ये आन्तरिक स्रोतबाट १५ करोड १४ लाख २७ हजार, बाह्य श्रोतबाट रु.६० करोड ४१ लाख ४ हजार र गत वर्षको बैङ्क मौज्दात रु.२१ करोड १९ लाख ६७ हजार रहेको थियो। त्यस्तै गरी कुल व्यय रु. ९७ करोड २८ लाख ९७ हजार मध्ये चालु खर्च ३९ करोड ५१ लाख ७४ हजार, पूँजिगत खर्च ५७ करोड ७७ लाख २३ हजार रहेको थियो। जस मध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको खर्च रु.४८ करोड ३ लाख ९१ हजार र अन्य अनुदान तर्फको खर्च रु.४९ करोड २५ लाख ६ हजार भएको थियो। संघ र प्रदेशको अनुदान फिर्ता र दाखिला गर्न बाँकी दायित्व समेत गरी १० करोड ७८ लाख ९१ हजार बैङ्क मौज्दात रहेको थियो।

**चालु आ.ब.२०८१/८२ को संशोधित अनुमान :-**

१५०. यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि कुल आय-व्यय रु.१ अर्ब ११ करोड ३४ लाख ८७ हजार हुने संशोधित अनुमान गरिएको छ। संशोधित आय मध्ये आन्तरिक आयमा रु.१९ करोड ४७ लाख, बाह्य श्रोतबाट रु. ८० करोड ९९ लाख ९६ हजार र गत वर्षको बैंक मौज्दात रु.१० करोड ७८ लाख ९१ हजार रहेको थियो। कुल खर्च १ अर्ब ११ करोड ३४ लाख ८७ हजार हुने संशोधित अनुमान मध्ये चालु खर्च रु. ५१ करोड ८४ लाख ७५ हजार र पुँजीगत खर्च रु. ५९ करोड ५० लाख १२ हजार हुने संशोधित अनुमान छ। चालु आ.व.को अन्त्यमा करिब रु. ४ करोड ४० लाख रकम बैङ्क मौज्दात रहने अनुमान गरिएको छ।

**सभाध्यक्षज्यू**

**अब म आगामी आ.ब.२०८२/८३ को प्रस्तावित अनुमानित आय, व्यय र क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छुः**

१५१. यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ का लागि कुल आय-व्यय रु.१ अर्ब ३ करोड ८५ लाख १३ हजार ३ सय ५० रहेको छ। कुल खर्च मध्ये चालु खर्च तर्फ रु. ५० करोड १ लाख ४८ हजार (४८ दशमलव १६ प्रतिशत) र पुँजीगत खर्च रु.५३ करोड ८३ लाख ६५ हजार (५१ दशमलव ८४ प्रतिशत) रहेको छ। विभिन्न कोषहरुमा रु.२ करोड ३३ लाख ५७ हजार रकम रहेको छ। कुल बजेटमा गत आ.व. २०८०/८१ को यथार्थ खर्च भन्दा ६ दशमलव ३१ प्रतिशतले अधिक रहेको छ भने यस चालु आ.व. २०८०/८१ को संशोधित अनुमान भन्दा ७ दशमलव २२ प्रतिशतले ऋणात्मक हुन आउँछ।

**कुल आय तथा व्ययको श्रोत/क्षेत्रगत विवरण:**

**आय तर्फ**

१५२. आन्तरिक आय रु.१९ करोड ८० लाख ५० हजार रहेको छ। सङ्घीय सरकार सशर्त अनुदान रु.२६ करोड ४४ लाख, सङ्घीय सरकार समानीकरण अनुदान १५ करोड ५४ लाख, सङ्घीय सरकारबाट बाँडफाँड भई प्राप्त हुने रु.१२ करोड ३८ लाख ५३ हजार १, संरक्षित वन रोयल्टी रु.७८ लाख ४० हजार १ सय ४०, सङ्घीय सरकार विशेष अनुदान रु.५ करोड १० लाख, संघीय सरकार समपूरक अनुदान ३ करोड २४ लाख, प्रदेश सरकार सशर्त अनुदान रु.३ करोड १४ लाख १० हजार, प्रदेश सरकार समानीकरण अनुदान रु.१ करोड ६३ लाख ७६ हजार, प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर रु.७ करोड १८ लाख २ हजार २ सय ९, प्रदेश सरकार समपूरक अनुदान रु.२ करोड २२ लाख , प्रदेश सरकार विशेष अनुदान रु.६५ लाख, सडक बोर्ड नेपालबाट प्राप्त हुने रु.५० लाख, लागत सहभागिता रकम रु.५० लाख र चालु वर्षको अनुमानित बैंक मौज्दात रु.४ करोड ४० लाख गरी कुल जम्मा रु.१ अर्ब ३ करोड ८५ लाख १३ हजार ३ सय ५० आय अनुमान गरिएको छ।

**व्यय तर्फ :**

१५३. कार्यसञ्चालन तथा प्रशासनिक खर्च रु.१२ करोड ३० लाख, नगरस्तरीय पूर्वाधारका योजना तथा कार्यक्रम तर्फ रु.६ करोड ७१ लाख ३ हजार ३ सय ५०, वडास्तरीय योजना तर्फ रु.१७ करोड २६ लाख, विषयगत शाखा तर्फ रु.१४ करोड ५ लाख, नगरस्तरीय विभिन्न कोष तर्फ रु.१ करोड ५० लाख, समपूरक कोषमा रु.९ करोड ९१ लाख, सडक बोर्ड तर्फका आयोजनामा रु.५० लाख, लागत सहभागिता तर्फ रु.५० लाख, अन्तर सरकारी वित्तीय हस्तान्तरण संघीय तर्फ रु.३४ करोड ७८ लाख र अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रदेश तर्फको रु.६ करोड ३४ लाख १० हजार गरी जम्मा रु.१ अर्ब ३ करोड ८५ लाख १३ हजार ३ सय ५० व्यय अनुमान गरिएको छ।

**विभिन्न क्षेत्रगत व्यय विवरण**

१५४. आर्थिक विकास क्षेत्र तर्फ रु. १२ करोड ६४ लाख, सामाजिक विकास क्षेत्र तर्फ ३५ करोड ८९ लाख ७३ हजार, पूर्वाधार विकास क्षेत्र तर्फ रु.३८ करोड १७ लाख ५८ हजार ३ सय ५०, सुशासन तथा संस्थागत विकास २ करोड ४२ लाख, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु.१२ करोड ३३ लाख २५ हजार र विभिन्न कोषहरुमा रु.२ करोड ३३ लाख ५७ हजार विनियोजन गरिएको छ।

**क्षेत्रगत रुपमा व्ययको अनुपात:**

१५५. आर्थिक विकास क्षेत्र तर्फ कुल विकास बजेटको १२ दशमलव १८ प्रतिशत, सामाजिक विकास तर्फ ३४ दशमलव ५८ प्रतिशत, पूर्वाधार विकास तर्फ ३६ दशमलव ७८ प्रतिशत, कार्यालय सञ्चालन तथा

प्रशासनिक खर्च तर्फ ११ दशमलव ८८ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फ २ दशमलव ३३ प्रतिशत र विभिन्न कोषहरुमा २ दशमलव २५ प्रतिशत विनियोजन गरिएको छ ।

**राजस्व सम्बन्धी विवरण**

१५६. यस चालु आर्थिक वर्ष २०८१/८२ को राजस्व रु. १९ करोड ४७ लाख अनुमान रहेकोमा वैशाख मसान्तसम्ममा रु.१३ करोड २ लाख ४७ हजार असुल भएकोछ । जुन यस वर्षको लक्ष्यको ६६ दशमलव ९० प्रतिशत हुन आउँछ। यस अनुसार चालु आ.व.मा राजस्वको लक्ष्य पुरा हुने अनुमान गरिएको छ ।

**सभाध्यक्षज्यू,**

१५७. बजेट तर्जुमा गर्ने सिलसिलामा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठकमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरसभा सदस्यज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै आवश्यक सल्लाह सुझाव दिनु हुने संङ्घीय संसद तथा प्रदेश सभाका माननीय सांसदज्यूहरु, जिल्ला समन्वय समितिको प्रमुखज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नुहुने नगर कार्यपालिकाको कार्यालयका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण राजनीतिक दलका नगर समितिका प्रमुख ज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१५८. अन्त्यमा, यस नगरसभा अधिवेशनमा उपस्थित हुनु हुने नगरसभा अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरसभाका सचिव, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्रहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । विगतमा जस्तै प्रस्तुत बजेट कार्यान्वयनको निमित्त पनि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर खैरहनी नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेका छौँ ।

**धन्यवाद !**

**कबिता उप्रेती**
**नगर उप-प्रमुख**
**खैरहनी नगरपालिका, खैरहनी चितवन**

**दिनाङ्क : २०८२ साल आषाढ १० गते मंगलबार**

# ३

# आर्थिक ऐन, २०८२

## खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

प्रस्तावनाः

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २१८ को उपधारा (२) बमोजिम खैरहनी नगरपालिकाको सत्रौँ नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "खैरहनी नगरपालिका आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएपछि मिति २०८२ साल श्रावण १ गतेदेखि खैरहनी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति करः**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भोतिक संरचना (घर) र संरचना (घर) ले चर्चेको जग्गा तथा भौतिक संरचना (घर) को मूल्यांकन दर र ह्रास कट्टीको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

(२) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मूल्यांकन दर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

**३. भूमी कर (मालपोत):**

यस खैरहनी नगरपालिकामा आ.व. २०७४/७५ सम्मको भूमी कर (मालपोत), घरधुरीकर तथा स्थानीय विकास शुल्क बक्यौता रहेको अवस्थामा सोको कुल हिसाब गरी विलम्ब शुल्कवापत प्रति वर्ष १० प्रतिशतका दरले हिसाब गरी असुल गरिनेछ। भूमी कर (मालपोत) बक्यौता असुली गर्दा अनुसूची–२ बमोजिमको दरमा गरिनेछ।

**४. घर जग्गा बहाल कर:**

(१) खैरहनी नगर क्षेत्रभित्र विभिन्न उद्योग, व्यवसाय तथा अन्य प्रयोजनको लागि भाडाकर असुल गर्ने प्रयोजनको लागि अनुसूची-३ बमोजिमको भाडादर कायम गरी २० लाख वा सो भन्दा कम कूल पूँजी भएका एकलौटी/साझेदारी व्यवसाय वा उद्योगलाई ५ प्रतिशत, २० लाख भन्दा बढी कूल पूँजी भएका एकलौटी/साझेदारी व्यवसाय वा उद्योगलाई १० प्रतिशत र विभिन्न बैङ्क, वित्तिय संस्था, विद्यालय, अन्य संस्था वा निकायलाई १० प्रतिशत घरबहाल कर लगाईनेछ।

(२) खैरहनी नगर क्षेत्रभित्र कृषि प्रयोजनका लागि प्रयोग हुने जग्गा भाडामा लिदा सम्झौता रकमको १ प्रतिशत, व्यवसायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा भाडामा लिदा सम्झौता रकमको २ प्रतिशत र अन्य बहालकर (घर बहाल कर बाहेक) को हकमा सम्झौता रकमको २ प्रतिशत दरले जग्गा बहाल कर लगाईनेछ।

**५. उद्योग तथा व्यवसाय कर:**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) यस दफा बमोजिम लगाइने व्यवसाय करको दर अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

**६. कवाडी मालसामान संकलन शुल्क:** खैरहनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वॉख, छाला जस्ता वस्तुको संकलन गरे बापत अनुसूची-५ बमोजिम कवाडी मालसामान संकलन कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर:**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची-६ मा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर तथा पर्यटन शुल्कः**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटल बोर्ड, स्टल आदिमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) खैरहनी नगरपालिका क्षेत्रभित्रका विभिन्न पिकनिक स्पट स्विमिङ् पुल तथा अन्य पर्यटन क्षेत्रमा अनुसूची-८ बमोजिम पर्यटन व्यवसाय शुल्क लगाइने र असुल उपर गरिनेछ।

९. **मनोरञ्जन करः**

खैरहनी नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानून बमोजिम र नगरक्षेत्रभित्रको हकमा अनुसूची-९ बमोजिमको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क:**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा अनुसूची-१० बमोजिमको बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ।

११. **पार्किङ्ग शुल्क/अनुमति शुल्क:**

(१) खैरहनी नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची-११ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) निजी स्वामित्वको जग्गामा पार्किङ्ग स्थल व्यबस्थापन गरि सवारी साधनको पार्किङ्ग सुविधा उपलब्ध गराउने व्यक्ति वा संस्थाले कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाई नगरपालिकाको अनुमति लिनुपर्नेछ।

(३) खैरहनी नगरपालिकाभित्र संचार टावर निर्माण तथा मेला महोत्सव आयोजना गर्न निर्माण कम्पनि तथा आयोजकबाट नगरपालिकाले अनुसूची-११ बमोजिमको शुल्क लगाउने र असूल उपर गर्नेछ।

१२. **सिफारिस प्रमाणित दस्तुर, पेन्सन तथा अन्य सिफारिस दस्तुर:** खैरहनी नगरपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमार्फत उपलब्ध गराउने सिफारिश, प्रमाणित, पेन्सन, इजाजत लगायतका प्रशासनीक सेवामा अनुसूची-१२ मा उल्लिखित दरमा सिफारिस प्रमाणित दस्तुर लगाई असूल उपर गर्नेछ।

१३. **नक्सा पास दस्तुरः** खैरहनी नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रका विभिन्न प्रयोजनका लागि निर्माण हुने घर संरचनाको अनुसूची-१३ बमोजिम नक्सा पास दस्तुर शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **बैंक, वित्तीय तथा अन्य क्षेत्र शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित बैंक, वित्तीय संस्था तथा अन्य क्षेत्रहरुको नगरपालिकाले अनुसूची-१४ मा उल्लेख भए बमोजिम शुल्क लगाउने र असूल उपर गर्नेछ।

**१५. फोहोरमैला व्यवस्थापन शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्रका फोहोरमैला संकलन तथा व्यवस्थापन गरेबापत उपभोक्ताको प्रकृति अनुसार अनुसूची-१५ बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१६. न्यायिक दस्तुरः** खैरहनी नगरपालिका न्यायिक समितिमा दर्ता हुने विवादको हकमा अनुसूचि-१६ बमोजिमको शुल्क लगाइने र असुल गरिनेछ।

**१७. भाडामा लगाउन सक्नेः** खैरहनी नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, हल, मेसिनरी तथा अन्य सम्पत्ति अनुसूची-१७ मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ।

**१८. विद्यालय तथा शैक्षिक व्यवस्थापन** शुल्कः खैरहनी नगरपालिकाले अनुसूची-१८ बमोजिम विभिन्न शैक्षिक तथा विद्यालय व्यवस्थापन शुल्क लगाई असुल गर्नेछ।

**१९. कृषि तर्फ सिफारिस तथा अन्य शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्रका कृषि सेवाका लागि सिफारिस तथा अन्य शुल्कहरु अनुसूची-१९ बमोजिम लगाई असुल गरिनेछ।

**२०. बोर्डिङ्ग तथा निजी विद्यालयः** खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित निजी बोर्डिङ्ग मोन्टेश्वरी तथा विद्यालयहरुको अनुसूची-२० बमोजिमको बार्षिक शुल्क लगाई असुल गरिनेछ।

**२१. स्वास्थ्य संस्था दर्ता तथा नविकरणः** खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित स्वास्थ्य संस्था दर्ता तथा नविकरण गर्दा अनुसूचि-२१ बमोजिम शुल्क लगाई नगरपालिकाले असुल उपर गर्नेछ।

**२२. बिक्री गर्न सक्नेः**

(१) खैरहनी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी खानीजन्य बस्तुहरु प्रचलित कानुन बमोजिम उत्खनन् र बिक्री गर्नेछ।

(२) उपदफा (१) बमोजिम साधारण निर्माणमुखी खानीजन्य बस्तुको बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ।

(३) खैरहनी नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृती लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने ढुंगा, गिट्टी, ग्राभेल, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी वस्तुहरुको उत्खनन्, संकलन र बिक्री तथा नगर क्षेत्रमा उत्पादन भई व्यवसायिक रुपमा बिक्री हुने पानीमा प्रचलित कानुन बमोजिमको दरमा शुल्क लगाई असूल उपर गर्नेछ।

(४) उपदफा (३) बमोजिमको उत्खनन्, संकलन र विक्री गर्न चाहने व्यक्तिले नगरपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम इजाजत लिनुपर्नेछ।

२३. **सामुदायिक वनबाट आयप्राप्त गर्ने:** खैरहनी नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

२४. **जग्गा बर्गीकरणको पूर्वाधार विकास शुल्कः** खैरहनी नगरपालिकाकाले अनुसूची-२२ बमोजिमको जग्गा बर्गीकरण बापतको पूर्वाधार विकास शुल्क लगाउने र असुल उपर गर्नेछ।

२५. **पशुपंछी उपचार दर्ता तथा सेवा शुल्कः** खैरहनी नगरपालिकाले नगर क्षेत्रभित्रका नगरबासीहरुको पशुपंछीको उपचारको लागि अनुसूची-२३ बमोजिमको दर्ता तथा सेवा शुल्क लिनेछ।

२६. **सेवा शुल्कः** खैरहनी नगरपालिकाले अनुसूची-२४ बमोजिमको सेवा उपलब्ध गराएमा सोही अनुसूचीमा उल्लेखित दरमा शुल्क तथा दस्तुर लगाईने र असुल उपर गरिनेछ।

२७. **गैर सरकारी संस्था (NGOs/ INGOs) सम्बन्धी शुल्कः** खैरहनी नगरपालिकामा कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्था (NGOs/ INGOs) को सिफारिस, नविकरण, कार्यक्षेत्र बिस्तार लगायतको हकमा नगरपालिकाले अनुसूची-२५ बमोजिमको शुल्क लिनेछ।

२८. **दण्ड जरिवानाः** तोकिएको समयभित्र कर तथा शुल्क नबुझाउने तथा खैरहनी नगरपालिका क्षेत्रभित्र राजश्वसँग सम्बन्धित विषयमा खैरहनी नगरपालिका सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ अनुसार जरिवाना लगाई असुल उपर गरिनेछ।

२९. **कर तथा शुल्कमा छुटः**

(१) खैरहनी नगरपालिकाले कर तथा शुल्कमा पुष मसान्तसम्ममा दाखिला गरेमा करदातालाई दिने छुट देहाय बमोजिम हुनेछ।

(क) घर बहालमा १० प्रतिशत छुट

(ख) जग्गा बहालमा १० प्रतिशत छुट

(ग) व्यवसायमा १५ प्रतिशत छुट

(घ) सम्पत्ति करमा १५ प्रतिशत छुट

(२) महिलाको नाममा व्यवसाय दर्ता गरेमा दर्ता शुल्कमा ५० प्रतिशत छुट

३०. **पुनरावलोकन सम्बन्धी व्यवस्था:**

(१) खैरहनी नगरपालिकाले गरेको कर, शूल्क, दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछ। यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिती गठन गर्नेछ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर पैतीस दिनभित्र पुनरावलोकन समितीले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ।

**३१. कर फिर्ता सम्बन्धी व्यवस्थाः** करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्नेछ र सो व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिनाभित्र रकम फिर्ता दिने निर्णय गर्नुपर्नेछ।

**३२. अन्य व्यवस्थाः**

(१) खैरहनी नगरपालिकाका अन्य शाखा तथा वडाहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ। तर नागरिकताको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न यस व्यवस्थाले बाधा पुरयाएको मानिने छैन।

(२) अन्य स्थानीय तहमा कानून बमोजिम दर्ता वा नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन यस नगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन।

(३) यस नगरपालिकाले कर तथा शुल्कहरु सङ्कलनको लागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर सङ्कलनको लागि विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

(४) कर संकलन गर्न कुनै निजी संस्थालाई दिदा प्रशासनिक खर्च मितव्ययी हुन सक्ने देखिएमा नगरपालिकाले निजी संस्थासँग कर संकलनको लागि सम्झौता गर्न सक्नेछ।

**३३. नियमावली तथा कार्यविधि बनाउन सक्नेः** खैरहनी नगरपालिका नगरकार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी आवश्यक नियमावली तथा कार्यविधिहरु बनाई लागू गर्न सक्नेछ।

**३४. यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**३५. साबिक बमोजिम हुनेः** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लेख नभएको हकमा साबिक व्यवस्था बमोजिम नै हुनेछ।

**३६. बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा खैरहनी नगरपालिका नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ।

**३७. खारेज भएको मानिनेः** खैरहनी नगरपालिकाले साबिकमा लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज भएको मानिने छ।

## अनुसूची १

### सम्पत्ति कर प्रयोजनको लागि भौतिक संरचनाको मूल्याङ्कन दर

| क्र.सं. | विवरण | दररेट (प्रति वर्ग फिट रु.मा) पहिलोतल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) दोश्रोतल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) तेस्रो तल्ला र सो भन्दा माथि | ह्रास कट्टी दर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर सि.सि फ्रेम स्ट्रकचर | १२००।०० | ९६०।०० | ८००।०० | ५ | |
| २ | आर सि.सि फ्रेम स्ट्रकचर (फ्रेम नभएको) | १०००।०० | ८००।०० | ६५०।०० | ५ | |
| ३ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाहो आर सि सि छाना | १०००।०० | ८००।०० | ६५०।०० | ७ | |
| ४ | माटोको जोडाइमा इट्टा वा ढुंगाको गाहो आर सी सी छाना | ९००।०० | ७२०।०० | ६००।०० | ७ | |
| ५ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाहो जस्ताछाना | ६००।०० | | | १० | |
| ६ | माटोको जोडाइमा इट्टा वा ढुंगाको गाहो जस्ता छाना | ५००।०० | | | १० | |
| ७ | सोरुम, उद्योग सञ्चालनको लागि वरिपरी गाहो लगाई बनाइएको जस्ताको छाना, सामान्य बसोवासको लागि काठको वा सिमेन्टको खम्बामा बनेका जस्ता, टायल वा झिंगटिको छाना इट्टा वा ब्लक लगाई बनाइएको सामन्य घर तथा ग्यारेज | २५०।०० | | | १० | |
| ८ | सोरुम, उद्योग सञ्चालनको लागि वरीपरी गाहो नलगाइ बनाइएको जस्ताको छाना भएको टहरा तथा ग्यारेज | २००।०० | | | १० | |
| ९ | १ देखि ८ सम्म बाहेकका अस्थायी तथा कच्ची घर, टहरा, गोठ, सेड आदी | एक मुष्ठ रु. ५०,०००।०० | | | | |
| १० | ढुंगाका वा इट्टाको पर्खाल प्रति रनीङ फिट | २००।०० | | | | |

## अनुसूची २

### सम्पत्ति करको दर
### जग्गाको मूल्याङ्कनको लागि

| क्र.सं. | विवरण | सम्पति कर रु. | छुट दर प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | रु. १ देखि ५,००,००० सम्म | १००।०० | १५ | छुट २०८२ पौष मसान्तसम्ममा कर दाखिला गर्नेलाई मात्र उपलब्ध गराईनेछ। |
| २ | रु. ५,००,००१ देखि ७,००,००० सम्म | १५०।०० | १५ | |
| ३ | रु. ७,००,००१ देखि १०,००,००० सम्म | २००।०० | १५ | |
| ४ | १०,००,००१ देखि १५,००,००० सम्म | ३००।०० | १५ | |
| ५ | १५,००,००१ देखि २०,००,००० सम्म | ४००।०० | १५ | |
| ६ | २०,००,००१ देखि २५,००,००० सम्म | ७००।०० | १५ | |
| ७ | २५,००,००१ देखि २८,००,००० सम्म | ९००।०० | १५ | |
| ८ | २८,००,००१ देखि ३०,००,००० सम्म | १,०००।०० | १५ | |
| ९ | ३०,००,००१ देखि ३५,००,००० सम्म | १,२००।०० | १५ | |
| १० | ३५,००,००१ देखि ४०,००,००० सम्म | १,७००।०० | १५ | |
| ११ | ४०,००,००१ देखि ४५,००,००० सम्म | २,२००।०० | १५ | |
| १२ | ४५,००,००१ देखि ४८,००,००० सम्म | २,७००।०० | १५ | |
| १३ | ४८,००,००१ देखि ५०,००,००० सम्म | ३,०००।०० | १५ | |
| १४ | ५०,००,००१ देखि ६०,००,००० सम्म | ३,५००।०० | १५ | |
| १५ | ६०,००,००१ देखि ७०,००,००० सम्म | ४,५००।०० | १५ | |
| १६ | ७०,००,००१ देखि ८०,००,००० सम्म | ५,५००।०० | १५ | |
| १७ | ८०,००,००१ देखि ९०,००,००० सम्म | ६,५००।०० | १५ | |
| १८ | ९०,००,००१ देखि ९५,००,००० सम्म | ७,५००।०० | १५ | |
| १९ | ९५,००,००१ देखि १,००,००,००० सम्म | १०,०००।०० | १५ | |
| २० | १,००,००,००१ देखि १,२०,००,००० सम्म | १२,०००।०० | १५ | |
| २१ | १,२०,००,००१ देखि १,४०,००,००० सम्म | १३,५००।०० | १५ | |
| २२ | १,४०,००,००१ देखि १,६०,००,००० सम्म | १५,०००।०० | १५ | |
| २३ | १,६०,००,००१ देखि १,८०,००,००० सम्म | १६,५००।०० | १५ | |
| २४ | १,८०,००,००१ देखि १,९०,००,००० सम्म | १८,०००।०० | १५ | |
| २५ | १,९०,००,००१ देखि २,००,००,००० सम्म | २०,०००।०० | १५ | |
| २६ | २,००,००,००१ देखि २,५०,००,००० सम्म | २५,०००।०० | १५ | |
| २७ | २,५०,००,००१ देखि ३,००,००,००० सम्म | ३२,०००।०० | १५ | |
| २८ | ३,००,००,००१ देखि ३,५०,००,००० सम्म | ३९,०००।०० | १५ | |
| २९ | ३,५०,००,००१ देखि ४,००,००,००० सम्म | ४०,०००।०० | १५ | |
| ३० | ४,००,००,००१ देखि ४,५०,००,००० सम्म | ५३,०००।०० | १५ | |
| ३१ | ४,५०,००,००१ देखि ५,००,००,००० सम्म | ६०,०००।०० | १५ | |
| ३२ | ५,००,००,००१ भन्दा माथि | रु. २।–प्रति हजार | १५ | |

## अनुसूची ३

### घर भाडा दर

| वडा नं. | स्थान | भाडा दर रु. | कैफियत |
|---|---|---|---|
| १ | क) बुढिराप्ति पुलदेखि तरकारी बजारसम्म राजमार्गको दायाँबायाँ न्युनतम भाडा | २०००/– | |
| | ख) ज्यामिरे चोकको उत्तर दक्षिण आसपास २०० मिटरसम्म न्युनतम भाडा | १५००/– | |
| | ग) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| २ | क) चैनपुर चोकदेखि उत्तर तर्फ जाने बाटो २०० मिटरसम्म न्युनतम भाडा | १५००/– | |
| | ख) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| ३ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| ४ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| ५ | क) पुरानो खैरहनी चोकदेखि ढुङ्ग्रेखोला पुलसम्म | २०००/– | |
| | ख) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| ६ | क) पुलचोकदेखि पुरानो पर्साबजार हुँदै प्रहरी चौकीसम्म न्युनतम भाडा | ३०००/– | |
| | ख) पुरानो पर्सा बजारचोकदेखि तनही पुलसम्म र मालपोत रोडसम्म न्युनतम भाडा | ३०००/– | |
| | ग) अन्य स्थानको न्युनतम भाडा | २०००/– | |
| ७ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| ८ | क) मगनीचोकदेखि बाबा पेट्रोलपम्पसम्म, चौबिसकोठी चोकदेखि न्युरोड हुँदै पम्फाखोला पुलसम्म न्युनतम भाडा | ६०००/– | |
| | ख) मगनी चोकदेखि चात्रा खोलापुलसम्म, बाबा पेट्रोल पम्पदेखि चैनपुर चोकसम्म न्युनतम भाडा | ५०००/– | |
| | ग) पम्फा खोला पुलदेखि डेजी बोर्डिङ् हुँदै मगनी चोकसम्म न्यनतम भाडा | २०००/– | |
| | घ) न्युरोड बजारदेखि भित्रपस्ने बाटो हुँदै फिल्महल लाइन, मगनी चोकदेखि खानेपानी चोकसम्म न्युनतम भाडा | ३०००/– | |
| | ङ) अन्य स्थानको न्युनतम भाडा | २०००/– | |
| ९ | क) सिमलटाँडी चोक आसपास राजमार्गको दायाँ बायाँ न्युनतम भाडा | ३०००/– | |
| | ख) सिमल टाँडी चोक र बैरहानी चोक उत्तर दक्षिण २०० मिटर सम्म न्युनतम भाडा | २०००/– | |
| | ग) अन्य स्थानको न्युनतम भाडा | १५००/– | |
| १० | क) कठार बजार क्षेत्र न्युनतम भाडा | १५००/– | |
| | ख) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| ११ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| १२ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| १३ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |

**पुनश्च :** (क) माथि उल्लेखित भाडा दर उक्त स्थानमा रहेका प्रति कोठा तथा प्रति सटरको हो। उक्त सटर भन्दा भित्र तथा माथिल्लो तलामा आवासिय प्रयोजनको लागि वा गोदाम प्रयोजनको लागिप्रयोग गरिएका कोठाको तत् तत् स्थानको लागि तोकिएको भाडा दर भन्दा रु.५००।– कम हुनेछ। यदि कुनै संस्थाले उल्लेखित भाडादर भन्दा बढी तिर्ने गरी सम्झौता गरेको भए सोही आधारमा बहालकर असुल गरिनेछ। तर माथि उल्लेखित भाडा दर भन्दा कमको सम्झौता पेश भएको खण्डमा भने उल्लेखित दर मै बहालकर असुल गरिने छ।

(ख) उपरोक्त भाडादर विभिन्न बैङ्क, वित्तिय संस्था, विद्यालय वा अन्य संस्थाले लिखितरुपमा सम्झौता गरी भाडामा बस्ने संस्थाको हकमा माथि उल्लेखित भाडा दर तथा करको दर लागु हुने छैन।

(घ) कुनै पनि संघ संस्था वा व्यवसायले घर तथा जग्गा भाडामा लिंदा सम्झौता गरेर लिनु पर्नेछ। त्यसरी सम्झौता गरिएको रकम यस आर्थिक ऐनमा उल्लेखित रकम भन्दा बढी भएमा सोह बमोजिम र कम भएमा यसै बमोजिम घर बहाल कर असुल गरिनेछ।

## अनुसूची ४

## उद्योग एवं व्यवसाय नयाँ दर्ता दस्तुर

(नयाँ दर्ता भन्नाले अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेको तर नगरपालिकामा दर्ता नभएकोलाई समेत सम्झनु पर्दछ।)

| | | |
|---|---|---|
| १ | व्यवसाय नामसारी गर्न आएमा नयाँ दर्ता शूल्क सरह लिने | |
| २ | नयाँ इट्टा चिम्नी दर्ता (नयाँ) | १,००,०००/- |
| ३ | पेट्रोल पम्प नयाँ दर्ता | २५,०००/- |
| ४ | **चिउरा तथा भुजा मिल नयाँ दर्ता** | |
| | क) अटोमेटिक | २५,०००/- |
| | ख) अन्य | १०,०००/- |
| ५ | ग्याँस उद्योग नयाँ दर्ता | १,५०,०००/- |
| ६ | **स-मिल काठ चिरानी नयाँ दर्ता** | |
| | क) बेण्ड स र ट्रली समेत भएको | ५०,०००/- |
| | ख) अन्य | ३०,०००/- |
| ७ | डिस्टिलरी उद्योग तथा वियर उद्योग नयाँ दर्ता | १,२०,०००/- |

| | | |
|---|---|---|
| ८ | **बैंक तथा वित्तीय संस्था नयाँ दर्ता** | |
| | क. वर्गको बैंक तथा वित्तीय संस्था | २०,०००/- |
| | ख. वर्गको बैंक तथा वित्तीय संस्था | १२,०००/- |
| | ग. वर्गको बैंक तथा वित्तीय संस्था | ६,०००/- |
| | घ. लघुवित्त तथा सिमित बैंकिंग कारोबार | ५,०००/- |
| ९ | सहकारी संस्थाहरु दर्ता शुल्क | २,०००/- |
| १० | ह्याचरी नयाँ दर्ता | ५०,०००/- |
| ११ | क्रसर उद्योग नयाँ दर्ता | ५०,०००/- |
| १२ | कापी उद्योग नयाँ दर्ता | १०,०००/- |
| १३ | क्रेट/कार्टुन उद्योग नयाँ दर्ता | १०,०००/- |
| १४ | बोरा उद्योग नयाँ दर्ता | १०,०००/- |
| १५ | इको ब्लक उद्योग | २५,०००/- |
| १६ | **राइस मिल नयाँ दर्ता** | |
| | क) स्टिम प्लान्ट | २०,०००/- |
| | ख) अटोमेटिक प्लान्ट | १०,०००/- |
| | ग) अन्य राइस तथा तेल मिल | ३०००/- |
| १७ | स्टिल/फलाम उद्योग नयाँ दर्ता | ७५,०००/- |
| १८ | दैनिक रुपमा फिल्म प्रदर्शन गर्ने चलचित्र घरको दर्ता शुल्क | २५,०००/- |
| १९ | एसम्बल गरि इलेक्ट्रिकल्स समान उत्पादन तथा प्याकिंग गर्ने उद्योगको दर्ता शुल्क | ८०००/- |
| २० | अटोरिक्सा/ टेम्पो व्यवसाय संचालन गर्ने संस्था दर्ता | १०,०००/- |
| २१ | सुपर मार्केट/ मार्ट दर्ता | १०,०००/- |
| २२ | **All in on service** सेवा (इलेक्ट्रिक सामान सप्लाई/विक्री, मर्मत गर्ने, फर्निचर, होम डेलिभरी व्यवसाय) | ५,०००/- |
| २३ | अनलाइन शेयर बजार सिस्टम व्यवसायको दर्ता शुल्क | १०,०००/- |
| २४ | औषधी उद्योगको दर्ता शुल्क | ३०,०००|- |
| २५ | न्युज पोर्टल व्यवसायको दर्ता शुल्क | २,५००|- |
| २६ | क्यान जुस वा स्लाइडर उत्पादन बहुउदेश्यीय पेय पदार्थ दर्ता शुल्क | २५,०००|- |

| | | |
|---|---|---|
| २७ | क्रसर उद्योगबाट धुलो पाउडर लिई फेसमा लगाउने क्रिम पाउडर सावुन अन्य पदार्थ उत्पादन सप्लायर्स गर्ने व्यवसायको दर्ता शुल्क | ५०,०००।- |
| २८ | इभेन्ट म्यानेजमेन्ट दर्ता शुल्क | १३,०००।- |
| २९ | बाँयोग्याँस प्रालि दर्ता शुल्क | ३०,०००।- |
| ३० | मिक्सचर रेलिङ्ग ढलान स्ल्याव बनाउने सानो किसिमका मेसिनहरु भाडामा संचालन गर्ने व्यवसायको दर्ता शुल्क | ८,०००।- |
| ३१ | सेक्युरीटी गार्ड संचालन व्यवसाय दर्ता शुल्क | १०,०००।- |
| ३२ | **उपरोक्त उद्योग बाहेक अन्य उद्योग र व्यवसाय दर्ताको हकमा अधिकृत पुंजी** | |
| | क) ५ लाख सम्म | ५००/- |
| | ख) १० लाख सम्म | १,०००/- |
| | ग) १५ लाख सम्म | १,५००/- |
| | घ) २० लाख सम्म | २,०००/- |
| | ङ) ३० लाख सम्म | ३,०००/- |
| | च) ५० लाख सम्म | ५,०००/- |
| | छ) १ करोड सम्म | ८,०००/- |
| | ज) ३ करोड सम्म | १०,०००/- |
| | झ) ५ करोड सम्म | १५,०००/- |
| | ञ) १० करोड सम्म | २०,०००/- |
| | ट) ५० करोड सम्मको लागि | ३५,०००/- |
| | ठ) ५० करोड भन्दा माथि | ०.००७ प्रतिशत |

यस खण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि उद्योग तथा व्यवसायको वार्षिक कर भन्दा दर्ता शुल्क कम हुनेछैन ।

व्यवसाय दर्ता गरी नविकरण नभएका व्यवसायको हकमा २०८१ असोज मसान्तसम्ममा नविकरण गर्न आएमा आ.व. २०७७/७८ सम्मको जरिवाना शुल्कमा छुट दिने, व्यवसाय कर मात्र लाग्ने र आ.व.२०७८/७९ देखि नियमानुसार जरिवाना सहित असुल गरिने तथा पालिकामा दर्ता नभएका तर घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्टार्डको कार्यालय र आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका व्यवसायको हकमा व्यवसाय कर र दर्ता शुल्क मात्र लाग्ने तर जरिवाना नलाग्ने। उक्त व्यवसाय बन्द गर्न आएमा शुरुबाट नै जरिवाना सहित शुल्क लाग्ने।

## वार्षिक व्यवसाय कर तथा स्थानीय विकास शुल्क दरहरु

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| **उद्योग क्षेत्र** | | |
| १ | **पाउरोटी** | |
| | क) श्रेणी (पाउरोटी उद्योग) | ५०००/- |
| | ख) श्रेणी (बेकरी,केक दुनोट आदि) | २०००/- |
| २ | **बरफ, बिस्कुट तथा दालमोठ उद्योग** | |
| | क. श्रेणी (१,२,६,८ र ९ को लागि) | १०००/- |
| | ख. श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ३ | **अमिलो, चकलेट, मसला, तितौरा, मस्यौरा उत्पादन गर्ने घरेलु उद्योग** | |
| | क) श्रेणी (प्लाष्टिक प्याकेजिंग) | ५००/- |
| | ख) श्रेणी (कागज प्याकेजिंग) | ३००/- |
| ४ | कन्फेक्सनरी उद्योग | १५००/- |
| ५ | पास्ता, म्याकरोनी, नुडल्स, चिप्स जस्ता खाध्य सामग्री उत्पादन उद्योग (१ करोड भन्दा माथि पुंजी लगानी भएका) | १०,०००/- |
| ६ | **डेरी उद्योग (दुग्ध तथा दुग्धजन्य अन्य व्यवसाय)** | |
| | क) श्रेणी (डेरी उद्योग) | ५०००/- |
| | ख) श्रेणी (चिलिंग भ्याट राखी दुग्ध संकलन गरि विक्री गर्ने) | १५००/- |
| | ग) श्रेणी (दुग्ध संकलन गरि विक्री गर्ने) | ५००/- |
| ७ | **मिल (कुटानी, पिसानी, पेलानी, सेलर, तेल आदि)** | |
| | क) श्रेणी (एकभन्दा बढी भएमा) | २०००/- |
| | ख) श्रेणी (मसला मिल) | १०००/- |
| | ग) मसला मिल वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | घ) मैदा मिल | १००००/- |
| | ङ) भुजा चिउरा दुवै उत्पादन गर्ने मिल | ७०००/- |
| | च) चिउरा मिल | ५०००/- |
| ८ | **प्लान्ट वा उद्योग (राइस मिल)** | |
| | क) स्टिम प्लान्ट | १५०००/- |
| | ख) अटोमेटिक प्लान्ट | ७५००/- |
| | ग) अन्य राइस मिल, तेल मिल | १०००/- |
| ९ | चिप्स उद्योग | १०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| १० | विविध खाद्यान्न उत्पादन | १०००/- |
| ११ | केरा, मेवा तथा उखु बगान/फलफुल जन्य उत्पादन | १०००/- |
| १२ | पशुआहार उद्योग फिड्स | ७०००/- |
| १३ | मिनरल वाटर उद्योग | ५०००/- |
| १४ | **कुखुरा पालन व्यवसाय** | |
| | कुखुरा संख्या १००० सम्मको | ५००/- |
| | कुखुरा संख्या १००१ देखि १०००० सम्म | १०००/- |
| | कुखुरा संख्या १०००१ देखि २०००० सम्म | २०००/- |
| | कुखुरा संख्या २०००१ देखि माथिको | ५०००/- |
| | ह्याचरी उद्योग वार्षिक | १००००/- |
| १५ | गाइ तथा भैंसी, बंगुर, बाख्रा पालन एबम अन्य पशुपालन व्यवसाय | १०००/- |
| १६ | **ब्लक, रिङ्ग टायल र तारबार पोल उद्योग** | |
| | क) श्रेणी (मेसिनबाट बनाउने) | २०००/- |
| | ख) श्रेणी (म्यानुयल) | १५००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | १०००/- |
| १७ | **पोलिथिन पाइप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग** | |
| | क) औद्योगिक | १००००/- |
| | ख) घरेलु | ४०००/- |
| १८ | **मैनबत्ती तथा अगरबत्ती उद्योग** | |
| | क) श्रेणी (मेसिनको प्रयोग गरि उत्पादन गर्ने) | १०००/- |
| | ख) श्रेणी (हातले उत्पादन गर्ने) | ५००/- |
| १९ | **ह्युमपाइप, विद्युत पोल उद्योग** | १००००/- |
| २० | रंग रोगन उद्योग | १००००/- |
| २१ | **ग्रिल स्तर उद्योग तथा स्टिल रेलिंग जडान** | |
| | क) वडा नं १,२,६,८,र ९ भित्रको लागि | १५००/- |
| | ख) वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | १०००/- |
| | ग) स्टिल रेलिंग जडान व्यवसाय | २५००/- |
| २२ | **झोला तयारी गर्ने उद्योग** | |
| | क) औद्योगिक उत्पादन | ५०००/- |
| | ख) घरेलु | १०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| २३ | मेटलको भाँडा, मुर्ति र गरगहना बनाउने व्यवसाय | ७५०/- |
| २४ | माटोको भाँडा बनाउने व्यवसाय | ५००/- |
| २५ | **छापाखाना तथा किताब** | |
| | क) प्रेस सिलिन्डर अफसेट सहित | २०००/- |
| | ख) ३ भन्दा बढी मेसिन भएको | १५००/- |
| | ग) ३ वटा सम्म मेसिन भएको | १०००/- |
| | घ) फ्लेक्स प्रिन्ट | १०००/- |
| २६ | **माछा पालन** | |
| | ५ कट्ठा सम्म | ५००/- |
| | ५ कट्ठा देखि माथि १ बिगाह सम्म | १५००/- |
| | १ बिगाह देखि माथि २ बिगाह सम्म | २०००/- |
| | २ बिगाह देखि माथि ३ बिगाह सम्म | ३०००/- |
| | ३ बिगाह देखि माथि ४ बिगाह सम्म | ४०००/- |
| | ४ बिगाह भन्दा माथि जतिसुकै भए पनि | ५०००/- |
| २७ | साबुन उद्योग | ५०००/- |
| २८ | इट्टा चिम्नी उद्योग | ५००००/- |
| २९ | ग्याँस उद्योग | ५००००/- |
| ३० | **स-मिल काठ चिरानी** | |
| | क) क श्रेणी (बेन्ड स र ट्रली समेत भएको) | १००००/- |
| | ख) ख श्रेणी (३६ ईन्चको बेन्ड स. भएको) | ७०००/- |
| | ग) ग श्रेणी (२४ वा १८ इन्चको बेन्ड स भएको) | ४०००/- |
| | घ) घ श्रेणी (बेन्ड स नभएको) | २०००/- |
| ३१ | क्रसर उद्योग | २००००/- |
| ३२ | कापी उद्योग | १००००/- |
| ३३ | क्रेट/कार्टुन उद्योग | १००००/- |
| ३४ | बोरा उद्योग | १००००/- |
| ३५ | डिष्टिलरी उद्योग | ५००००/- |
| ३६ | वियर उद्योग | ७५०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| ३७ | **स्टिल/फलाम उद्योग** | |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट समेत) | ५००००/- |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट बाहेक) रु. ५० लाख भन्दा माथि पूँजी भएका) | १००००/- |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट बाहेक) रु. ५० लाख भन्दा कम पूँजी भएका | ५०००/- |
| ३८ | दाना उद्योगको लागि प्लेट दाना, तथा त्यस्तै प्रकृतिका पशुदाना उद्योगहरु) | १५०००/- |
| ३९ | जिप्सन, कार्लेस बुट्टा बनाउने उद्योग | ५०००/- |
| ४० | अन्य कृषि जन्य उद्योग व्यवसाय | १०००/- |
| ४१ | पुराना कपडाबाट कपास तयार गर्ने उद्योग | १०००/- |
| ४२ | केमिकल उद्योग | १००००/- |
| ४३ | पशुपन्क्षि आहार उत्पादन | ७०००/- |
| ४४ | मेटल प्याकेजिंग उद्योग | १५०००/- |
| ४५ | हट मिक्स (अलकत्रा घोल्ने) उद्योग | २५०००/- |
| ४६ | **एकीकृत कृषि फर्म** | |
| | क) १० कट्ठा देखि २ बिघा सम्म | १५००/- |
| | ख) २ बिघा देखि ५ बिघा सम्म | २०००/- |
| | ग) ५ बिघा देखि १० बिघा सम्म | ५०००/- |
| | घ) १० बिघा भन्दा माथि | १००००/- |
| ४७ | मूर्तिकला उद्योग | २०००/- |
| ४८ | हस्तकला उद्योग, थान्का उत्पादन तथा विक्री वितरण | १०००/- |
| ४९ | **चाउचाउ उद्योग** | |
| | क) ५० लाख सम्म पुंजी | ३०००/- |
| | ख) ५० लाख भन्दा माथि | २००००/- |
| | ग) कच्चा चाउमिन उत्पादक र वितरक | १५००/- |
| ५० | क्यान जुस वा स्लाइडर उत्पादन (बहुउद्देश्यीय पेय पदार्थ) | २००००/- |
| ५१ | एक्वेरियम व्यवसाय (चारो विक्री समेत) | १५००/- |
| ५२ | बायोग्यास प्रा.लि | २५०००/- |
| ५३ | अक्सिजन प्लान्ट | ४०००/- |
| ५४ | फोहोर रिसाइकलिंग सेन्टर | ३०००/- |
| ५५ | ईको ब्लक उद्योग | २००००/- |
| ५६ | भ्यानियर उद्योग (प्लाइबोर्ड) | १५०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| ५७ | **सुनचाँदी पसल** | |
| | क) ३ जना भन्दा बढी कामदार राखी व्यवसाय गर्ने | ५०००/- |
| | ख) ३ जना सम्म कामदार राखी व्यवसाय गर्ने | ३०००/- |
| | ग) आफै गहना बनाइ व्यवसाय गर्ने | २०००/- |
| | घ) आधुनिक गहना (सुनको जलप लगाएको वा नक्कली गहना) | २०००/- |
| ५८ | औषधि उद्योग | २५०००/- |
| ५९ | **सुर्तीजन्य उद्योग** | |
| | क) श्रेणी (प्याकेजिंग सहित विक्री गर्ने) | १००००/- |
| | ख) श्रेणी (अन्य) | २०००/- |
| ६० | **फर्निचर उद्योग** | |
| | क श्रेणीको उद्योग | ५०००/- |
| | साधारण फर्निचर उद्योग | २०००/- |
| ६१ | **मोटर बडी विल्डर्स** | |
| | क) श्रेणी (बस,ट्रक) | ५०००/- |
| | ख) श्रेणी (हलुका सवारी ) | ३०००/- |
